# जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

**District Disaster Preparednessand Response Plan**

२०७८




## जिल्ला विपद् व्यवस्थापन समिति

## बैतडी

# जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

**District Disaster Preparedness and Response Plan**

२०७८




## जिल्ला विपद् व्यवस्थापन समिति

## बैतडी

**प्रकाशक:** जिल्ला विपद् व्यवस्थापन समिति, बैतडी

**सर्वाधिकार:** जिल्ला विपद् व्यवस्थापन समिति, बैतडी

**अद्यावधिक:** जेष्ठ २०७८

**प्रकाशन प्रति :** १०० प्रति

**आर्थिक तथा प्राविधिक सहयोग :** साडा बैतडी/एम.रेड.परियोजना, नेपाल रेडक्रस सोसाइटी बैतडी जिल्ला शाखा, UNFPA/FAYA

**सम्पादन समिति :**

**प्रशासकिय अधिकृत श्री खगेन्द्र भारती**
**(जिल्ला प्रशासन कार्यालय)-संयोजक**

**कार्यक्रम अधिकृत श्री तेज प्रसाद पाण्डे**
**(नेपाल रेडक्रस सोसाइटी)-सदस्य**

**कार्यक्रम संयोजक श्री नागेन्द्र प्रसाद भट्ट**
**(साडा बैतडी र एम.रेड. परियोजना) -सदस्य**

**कम्पयूटर अपरेटर श्री सुरेन्द्र भट्ट**
**(जिल्ला प्रशासन कार्यालय) - सदस्य**

## प्रमुख जिल्ला अधिकारी एंवम जिल्ला विपद व्यवस्थापन समिति अध्यक्ष ज्यूको भनाई

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
०९५-५२०१३३/२३३ ०९५-५२०५३५
dao.baitadi@gmail.com
daobaitadi.moha.gov.np
facebook.com/daobaitadi
गढी, बैतडी

मिति: २०७८/०२/३०



# दुई शव्द

वैतडी जिल्ला पहाडी कमजोर धरातल प्रकोप जोखिमयुक्त जिल्लाको रुपमा रहेको छ । भूकम्प, पहिरो, आगलागी, हुरीबतास, चट्याङ, महामारी, कोभिड-१९, हिमपात, वन्यजन्तु आक्रमण जिल्लाका प्रमुख विपद् जोखिम हुन् । विपद्लाई रोक्न नसके पनि यसबाट हुने क्षति न्यूनीकरण गर्न सकिन्छ र यसका लागि सर्वपक्षीय सामूहिक प्रयासको आवश्यकता पर्दछ । विपद् पछि मात्र सक्रिय हुने व्यवहारलाई परिवर्तन गर्दै विपद् हुन नदिने वा विपद् भइहाले पनि कमभन्दा कम क्षति हुने गरी कार्य गर्ने उद्देश्यले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरिएको छ ।

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७ लाई समयानुकुल अद्यावधिक र परिर्माजन गरी नयाँ यो योजना तर्जुमा भएको हो । वैतडी जिल्लामा रहेका १० वटै स्थानीय तहको विभिन्न प्राकृतिक तथा गैरप्राकृतिक जोखिमहरूको विगतको अनुभव तथा सम्भावित जोखिम समेतका आधारमा प्रस्तुत योजना अद्यावधिक गरिएको हो । यस योजनामा नगरपालिका तथा गाउँपालिका, सुरक्षा निकायहरू, सरकारी कार्यालयहरू, अन्तराष्ट्रिय/राष्ट्रिय गैर सरकारी संघ संस्था र रेडक्रस लगायत विपद्का क्षेत्रमा कार्यरत भएकाले समन्वयात्मक भूमीका भएको खण्डमा महत्वपूर्ण जानकारीहरू समावेश गरिएको हुनाले यस क्षेत्रमा लाग्ने र अन्य व्यक्तिहरुलाई समेत यो योजना उपयोगी हुनेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, **"वैतडी जिल्लाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७८"** परिमार्जन तथा अद्यावधिक गर्ने कार्यमा सहयोग पुऱ्याउनु हुने जिल्ला समन्वय समितिका प्रमुख/उपप्रमुखज्यू, जिल्लास्थित नगरपालिका तथा गाउँपालिकाका प्रमुख/अध्यक्षज्यू एवम् उपप्रमुख/उपाध्यक्षज्यूहरू, जिल्ला स्थित राजनिती पार्टीका प्रतिनिधी लगायत सरकारी कार्यालय तथा सुरक्षा निकायका प्रमुखज्यूहरू, सञ्चारकर्मी, समन्वयात्क भूमिका र प्राविधिक सहयोग गर्ने सहयोगी संस्था यस कार्यमा खटिएका सम्पर्क व्यक्ति, नेपाल रेडक्रस सोसाईटी वैतडी, संयुक्त राष्ट्र संघिय जनसंख्या कोष, साडा वैतडी र रुडेस वैतडी लगायत अन्य राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ संस्थालाई विशेष धन्यवाद दिन चाहन्छु । साथै, यस विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा हुन आफैमा महत्वपूर्ण भए पनि यसको कार्यान्वयन पक्ष झन महत्वपूर्ण हुन्छ । तसर्थ योजनाले निर्दिष्ट गरेका विषय तथा क्षेत्रहरुमा सम्बन्धित सवैपक्षको समन्वयात्मक किसिमले कार्यान्वयन हुनेछ भन्ने अपेक्षा लिएकोछु ।

राजेन्द्रदेव पाण्डे
प्रमुख जिल्ला अधिकारी
एवम् अध्यक्ष
जिल्ला विपद् व्यवस्थापन समिति,वैतडी

# विषय सूची

**शव्द संक्षेप ........................................................................ १**

*१. पृष्ठभूमी* २

*१.१ बैतडी जिल्लाको परिचय* ५

*१.२ जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य तथा रणनीति* ७

**२. योजना निर्माण प्रक्रिया**....................................................................................८

**३. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा**.........................................९

**४. सामान्य पूर्वतयारी योजना**...............................................................................९

*४.१ सन्दर्भ सामग्री पुनरावलोकनको नतिजा* ९

*४.२ विभिन्न बैठकका निर्णयहरु* ११

*४.३ मानवीय सहायतामा संलग्न जिल्ला स्थित सरकारी तथा गैरसरकारी साझेदार निकायको सूची* १६

**५. प्रकोप जोखिम विश्लेषण**..................................................................................१७

*५.१ बैतडी जिल्लाको प्रकोपको इतिहास* १७

*५.२ प्रकोप जोखिम विश्लेषण* १९

*५.३ प्रकोप (पहिरोको जोखिम) जोखिम नक्सांकन* द्दण

**६. विषयगत क्षेत्रको अगुवा तथा सहयोगी संस्थाको सूची**........................................द्दण

**७. विषयगत भूमिका तथा जिम्मेवारी** ..................................................................२१

*७.१. समन्वय तथा सूचना व्यवस्थापन क्षेत्र* २१

*७.२. खोज तथा उद्धार क्षेत्र* २६

*७.३. खाद्य सुरक्षा क्षेत्र* २९

*७.४. आपतकालीन आवास तथा गैर खाद्य सामग्री* ३०

*७.५. खानेपानी तथा सरसफाइ क्षेत्र* ३२

*७.६.स्वास्थ्य तथा पोषण क्षेत्र* ३५

*७.७ शिक्षा क्षेत्र* ३८

*७.८. कृषि तथा जीविकोपार्जन क्षेत्र* ४०

*७.९. संरक्षण क्षेत्र* ४२

**८. सूचना व्यवस्थापन** .........................................................................................४५

९. सामान्य प्राथमिकता प्राप्त पूर्वतयारीको कार्य ........ ४५

१०. आवश्यकताको लेखाजोखा तथा खाडल पहिचान (**Need Assessment and Gap Identify**) ........ ४५

११. विपद्को प्रकृतिमा आधारित क्षेत्रगत प्रतिकार्य योजना : ........ द्धट

*११.१ समन्वय तथा सूचना व्यवस्थापन क्षेत्र* ४६

*११.२ खोजतलास तथा उद्धार क्षेत्र* ४८

*११.३ खाद्य सुरक्षा एवम् पोषण क्षेत्र* ५०

*११.४ गैरखाद्य सामग्री तथा आपतकालिन आवास* ५३

*११.५ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्र* ५६

*११.६ स्वास्थ्य क्षेत्र* ५९

*११.७ शिक्षा क्षेत्र* ६२

*११.८ संरक्षण क्षेत्र* ६४

१२. कार्यान्वयन तथा पुनरावलोकन रणनीति ........ ६७

*१२.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना क्रियाशिल हुने* ६७

*१२.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन योजना* ६७

*१२.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको नियमित समीक्षा तथा अद्यावधिक* *टड*

१३. प्रतिवेदन तथा अभिलेखन ........ ६८

१४. जिल्ला विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ........ ६८

१५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार विपद् व्यवस्थापन सम्बन्धी गाउँपालिका वा नगरपालिकाको काम, कर्तव्य र अधिकार (दफा ११ को उपदफा २ न.) ........ ६९

१६ कार्यान्वयन ........ ७०

१७. अनुसूचीहरु ........ ७२

## शव्द संक्षेप

| | |
|---|---|
| गा.पा. | गाउँपालीका |
| न.पा. | नगरपालीका |
| गै.स.स. | गैर सरकारी संस्था |
| जि.स.स. | जिल्ला समन्वय समिति |
| DDMC | District Disaster Management Committee |
| DDMP | District Disaster Management Plan |
| IEC | Information, Education and Communication |
| IRA | Initial Rapod Assessment |
| LDCRP | Local Disaster Climate Resilience Plan |
| MIRA | Multi-Cluster Initial Rapid Assessment |
| NDRF | National Disaster Response Framework |
| RRT | Rapid Response Team |
| SAR | Search and Rescue |
| WASH | Water, Sanitation and Hygien |
| DCMC | District COVID Management Commitee |
| DEOC | District Emergency Operation Center |
| NEOC | National Emergency Operation Center |
| NDRRMA | National Disaster Risk Ruduction And Management Authority |
| LSAR | Light Search And Rescue |
| DDRT | District Disaster Response Team |
| FA | First-aid |

## १. पृष्ठभूमी

नेपाल भूकम्प, बाढी/पहिरो, आगलागी, महामारी, चट्याङ, हावाहुरी, असिना, लु, सितलहर, हिमपात, हिमताल विष्फोटन जस्ता प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपको जोखिममा रहेको मुलुक हो । यसका अलावा भूकम्प, बाढी/पहिरो तथा जलवायू परिवर्तन जस्ता प्रकोपको हिसावले नेपाल अझबढी जोखिममा रहेको छ । यस्ता प्रकोपको जोखिमबाट बैतडी जिल्ला पनि अछुतो रहन सकेको छैन । यसै अवस्थालाई ध्यानमा राखि विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ७ दफा १६ को २ (ग) तथा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्ग निर्देशन, २०६७ (पहिलो संसोधन २०७६) र राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा (NDRF)को आधारमा बैतडी जिल्लामा जिल्ला विपद् व्यवस्थापन समितिको अगुवाईमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको निर्माण गरी लागु गरिएको छ । साथै वर्तमान समयमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ को दोश्रो लहरबाट सिंगो देश आक्रान्त बनिरहेको छ । यस अवस्थाबाट बैतडी जिल्ला पनि अछुतो रहन सकेको छैन । विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने शिलसिलामा मौजुदा कानूनको रुपमा रहेको संक्रामक रोग ऐन २०२० अन्र्तगत रहि सम्पुर्ण गतिविधिहरुलाई विश्लेषण गर्ने प्रयास गरिएको छ ।

बैतडी जिल्लामा हुने प्रकोप र यसले निम्त्याएका विपद्हरुलाई विश्लेषण गरेर हेर्दा पहिरो, बाढी, आगलागी, चट्याङ, हावाहुरी र सडक दुर्घटना दोहोरिरहने तथा बर्षेनी आइरहने प्रकोपका रुपमा रहेका छन् भने भुकम्प पनि मानवीय, भौतिक तथा आर्थिक क्षति गर्ने र मानवीय सन्त्रास पैदागर्ने प्रकोपका रुपमा देखापरेको छ । यसै सन्र्दभमा राष्ट्रिय योजना आयोगले प्रकाशन गरेको पन्धौं योजनामा विपद्बाट सुरक्षित तथा उत्थानशील नेपाल हुने सोच लिनुका साथै सबै प्रकारका प्राकृतिक एवम् गैरप्राकृतिक प्रकोपका घटनाबाट सिर्जित मानवीय, भौतिक, आर्थिक, सामाजिक, साँस्कृतिक एंवम वातावरणीय क्षति कम गर्ने लक्ष्य लिइएको छ । यस योजनामा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न विपद् उत्थानशील शासन पद्धतिको सुदृढीकरण गर्ने, सरकारको तीनै तहमा बहुप्रकोपको जोखिम नक्सांकन/सूचनामा आधारित विपद् जोखिम पूर्वानुमान, पूर्वतयारी, प्रतिकार्य र पुर्नलाभ सम्बन्धी क्षमता विकास संगै विपद् जोखिम संवेदनशिल योजना तथा पूर्वाधार निर्माण प्रक्रिया सुनिश्चित गर्ने, विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनका लागि सार्वजनिक, नीजि तथा सामुदायिक लगानी वृद्धि गरी समुदायस्तर देखिनै विपद् उत्थानशील क्षमता अभिवृद्धि गर्ने र विपद् जोखिम व्यवस्थापनका लागि वृहत सहभागिता सुनिश्चित गरी सचेतना अभिवृद्धि गर्दै विपद् पश्चातको पुर्नलाभ, पुर्नस्थापना, पुर्ननिर्माण र नवनिर्माणका कार्यलाई सबल बनाउने जस्ता उद्देश्यहरु लिइएको छ ।

विपद् सम्बन्धी सूचनाहरू समयमै प्राप्त गरी विश्वसनीय किसिमले सूचना प्रवाह गर्न तथा समग्र विपद् व्यवस्थापन कार्यको प्रभावकारी समन्वय गर्न जिल्लामा आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापित गर्ने क्रममा रहेको छ । नगर क्षेत्रहरूमा विपद्को समयमा प्रयोग गर्न सकिने गरी खुला क्षेत्रहरूको पहिचान तथा घोषणा गरी सातवटै प्रदेशहरूमा आपत्कालीन सामग्रीको भण्डारण गर्न गोदाम घरहरूको व्यवस्था गर्ने नीति नेपाल सरकारले लिएको छ । यसै क्रममा बैतडी जिल्लामा पनि सरकारी तथा गैरसरकारी संघ-सस्थाहरु मार्फत आपत्कालीन सामग्रीहरु वितरण तथा भण्डारण गरिएको छ (अनुसूची १) । सरकारी, सामुदायिक तथा नीजि क्षेत्रबाट सञ्चालित अस्पताल तथा विद्यालयहरू र सम्पुर्ण सरकारी एवम् सार्वजनिक भवनहरुलाई भूकम्प प्रतिरोधी बनाउन जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गर्नु जरुरी छ । स्थानीय तहको भूमिकालाई प्रभावकारी बनाई विपद् व्यवस्थापनको कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न निकायसँगको समन्वय र सहकार्य गरी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ । विपद्जन्य परिस्थितिको

सामना गर्न प्रकोप पूर्वसूचना प्रणालीको विकास मार्फत् सम्भाव्य सबै प्रकारका प्रकोपको पूर्व सूचना दिने, विपद् व्यवस्थापनका सबै चरणहरूमा समुदाय र विभिन्न क्षेत्रको सक्रिय सहभागिता बढाउने किसिमका कार्यक्रमहरु सञ्चालन गर्दै विपद् व्यवस्थापनलाई विकास प्रक्रियाका सबै तह र चक्रमा एकीकृत गरी कार्यान्वयनमा ल्याउनु अति आवश्यक भइसकेको छ, विपद् पश्चातको द्रुत लेखाजोखामा एकरूपता कायम गर्ने, विपद्बाट पर्ने असरहरूलाई न्यून गर्ने तथा विपद् जोखिम हस्तान्तरण गर्ने प्रक्रियालाई थप व्यवस्थित गर्नुपर्ने आवश्यकता देखिएको छ । विश्वव्यापी रुपमा विपद् जोखिम न्यूनिकरणको लागि संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूले अनुमोदन गरेको साझा रणनीति "ह्योगो कार्यसंरचना" (Hyogo Framework for Action 2005-2015) का आधारमा सन् २०१५ सम्ममा विपद्को कारणले हुने मानवीय, सामाजिक, आर्थिक र वातावरणीय क्षतिलाई उल्लेख्य रूपमा कम गराई हरेक राष्ट्र र समुदायलाई प्रकोप विरुद्ध उत्थानशील (Resilience) बनाउने अपेक्षा राखिएको थियो । सोहि अनुरुप नेपाल सरकारले प्रत्येक जिल्लामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी त्यसलाई लागु गर्ने कार्यको थालनी गरेकोमा तत्पश्चात्का (Sendai Framework for DRR 2015-2030) सेण्डाई कार्य योजना (२०१५-२०३०) को अवधारणा अनुरूप विपद् जोखिमलाई पहिचान गर्ने, तदनुरुप क्षमता पहिचान र क्षमता अभिवृद्धि गर्ने, विपद् जोखिम व्यवस्थापन र विपद् प्रतिकार्यका लागि स्थानीय तहदेखि अन्तराष्ट्रिय तहसम्म तयारी अवस्थामा रहने, आवश्यक नीति नियम तथा योजनाहरुको निर्माण गर्ने, वातावरणीय प्रतिकूल प्रभावका कारणले हुने जोखिम तथा विपद् व्यवस्थापनमा सबै वर्ग र समुदायलाई समावेश गराउने कुरालाई अङ्गिकार गरी नेपाल सरकारले हालै विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४, विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली २०७६, विपद् जोखिम न्यूनिकरण नीति २०७५ एंव सेण्डाई कार्य ढाँचालाई कार्यान्वयन गर्न राष्ट्रिय रणनीतिक कार्ययोजना २०७५ पारित गरी कार्यान्वयनमा ल्याइएको छ । यसरी अन्तराष्ट्रिय प्रतिबद्धता, राष्ट्रिय नीतिगत तथा कानुनी व्यवस्था अनरुप विगतका अनुभव र सिकाइलाई समावेश गरी यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई समय अनुकूल परिमार्जन तथा अद्यावधिक गर्नुपर्ने भएकोले जिल्ला विपद् व्यवस्थापन समिति, बैतडीले जिल्लाका सरकारी निकाय, स्थानीय तह, राजनीतिक दल, विभिन्न संघ संस्था तथा सरोकारवालाहरुको सहभागितामा, जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्ययोजना २०७८ अद्यावधिक गरी लागु गरिएको छ ।

**विपद् व्यवस्थापन सम्बन्धी संवैधानिक तथा कानूनी अवस्था**

हाल नेपालको संविधानले प्रत्येक नागरीकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाच्न पाउने हक एंव उपयुक्त आवासको हकलाई मौलिक हकको रुपमा राखेको छ । राज्यका नीतिहरु अन्तर्गत धारा ५१ को विभिन्न उपधारा तथा खण्डहरुमा जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिचाइको विकास गर्ने, सर्वसधाहरणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाइ औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्नसक्ने जोखिमलाई न्यूनिकरण गर्दै वन, वन्यजन्तु, पंछी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोग गर्ने, प्रकृति, वातावरण वा जैविक विविधता माथि नकारात्मक असर परेको वा पर्नसक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरु अवलम्बन गर्ने कुरा उल्लेख भएको छ । प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनिकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुर्नस्थापना गर्ने कुरा उल्लेख भएको छ । नेपालको संविधान अनुसार विपद् व्यवस्थापनलाई संघ, प्रदेश र स्थानीय तहको साझा जिम्मेवारी भित्र राखेको पाइन्छ । यसर्थ विपद् व्यवस्थापन सम्बन्धी संघ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्र र जिम्मेवारी विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन

२०७४, नियमावली २०७५ ले थप स्पष्ट साथ किटान गरी संघ, प्रदेश र स्थानीय तहमा रहने संस्थागत व्यवस्था र समन्वय तथा प्रतिवेदन सम्बन्धी व्यवस्था उल्लेख गरिएको छ ।
विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७४ ले विपद् व्यवस्थापनका तीनवटा चक्रलाई समेटेको, प्राकृतिक तथा गैरप्राकृतिक दुवै विपद्लाई समेटिएको छ । संरचनात्मक रुपमा प्रधानमन्त्री ज्यूको संयोजकत्वमा विपद् व्यवस्थापन राष्ट्रिय परिषद, कार्यकारी समिति र राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणको व्यवस्था गरेको छ भने प्रदेश स्तरमा प्रदेश विपद् व्यवस्थापन समिति, जिल्ला स्तरमा जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तहमा स्थानीय विपद् व्यवस्थापन समिति रहने गरी तीन वटै तहलाई अधिकार सुनिश्चित गरिएको छ । विभिन्न निकाय/समितिहरुको काम, कर्तव्य तथा अधिकारहरु सुनिश्चित गरिएको, विशेषज्ञ समिति गठन गर्न सकिने, विपद् व्यवस्थापन कोषको स्थापना कसुर तथा सजायको व्यवस्था रहेको, विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा र नेपाल सरकारले आदेश दिन सक्ने, राहतको न्यूनतम मापदण्ड, तत्काल खरिद निर्माण गर्न सकिने, विपद् व्यवस्थापनमा सहयोग गर्नुपर्ने अन्तराष्ट्रिय सहायता आव्हान र अन्त्य गर्न सकिने, आवश्यकता अनुसार उपसमिति गठन गर्न सकिने लगायत वार्षिक प्रतिवेदन प्रकाशन गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसै गरी स्थानीय सरकार संचालन ऐन, २०७४ ले पनि विपद् व्यवस्थापन सम्बन्धी योजना तर्जुमा तथा स्थानीय तहहरुले विपद् व्यवस्थापनका क्षेत्रमा गर्नु पर्ने कार्यहरुलाई दिशानिर्देश गरेको छ । कोभिड १९ को प्रतिकार्य गर्नको लागी संक्रामक रोग ऐन २०२० ले दिशानिर्देश गरेको छ, हाल जिल्ला कोभिड संकट व्यवस्थापन समिति (DCCMC) बाट कोभिड प्रतिकार्य र व्यवस्थापनको कार्य भईरहेको छ ।

**जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको सवाल**

बैतडी जिल्ला नेपालको सुदूरपश्चिम प्रदेशको महाकाली अञ्चलमा पर्ने एक पहाडी जिल्ला हो । यो जिल्ला समुद्र सतहवाट ३९० मिटर देखि २९५० मिटरको उचाई सहित १५१९ बर्गकिलोमिटर क्षेत्र भित्र फैलिएको छ । प्रकोपको दृष्टिकोणले यो जिल्ला उच्च जोखिम क्षेत्र भित्र पर्दछ । बाढी तथा पहिरोका कारण प्रत्येक बर्ष यो जिल्लामा करिव १२७५ परिवार प्रभावित हुने गर्छन् । भूकम्पीय दृष्टिकोणबाट पनि यो क्षेत्र संकटासन्न क्षेत्र भित्र पर्दछ । बिगत ५ बर्षमा बाढि तथा पहिरोका कारण १५,८७५ परिवार विस्थापित बनेकाछन् भने ३,८७५ परिवारहरु प्रत्यक्षरुपमा प्रभावित बनेको तथ्याङ्क भेटिन्छ ।
जिल्ला हुने विपद्को प्रभावकारी प्रतिकार्यका लागी जिल्ला विपद पुर्वतयारी तथा प्रतिकार्य योजना उपयोगी हुने तथा हालको अभ्यास त्यती सकारात्मक नभएको अवस्थामा यसलाई थप प्रभावकारी र कार्यान्वयन योग्य बनाउनको लागी योजनालाई जति सक्दो सरल, संक्षिप्त, कार्यान्वयन योग्य र विभिन्न विषयगत क्षेत्रको प्रतिनीधित्वलाई सुनिश्चित गरी सरोकारवालाहरुको सहभागितामा निर्माण गरिएको छ । पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिकका लागि जिल्ला विपद् व्यवस्थापन समिति एवम् आवश्यक विषयगत क्षेत्रको क्षेत्रगत बैठक बसि बैतडी स्थित राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था तथा संयुक्त राष्ट्र संघिय निकायहरु आदिको सहभागिता रहेको थियो ।
पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिकका लागि मिति २०७८ जेष्ठ ५ गते भर्चुअल बिधिको माध्यमबाट जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसि योजना अद्यावधिक गर्ने निर्णय गरिएको थियो भने विभिन्न समयमा सरोकारवालाहरुसंग प्रत्यक्ष भेटघाट समेत गरिएको थियो । उक्त बैठकमा जिल्लाका सरोकारवालाहरुको संलग्नतामा गत वर्षको विपद्को समीक्षा गरी जोखिममा पर्न सक्ने क्षेत्र तथा संम्भावित असरहरु पहिचान, मानवी प्रतिकार्यका लागिक्षेत्र (Cluster) हरुको निर्माण गरी क्षेत्रगत सदस्यहरु पहिचान र क्षेत्रगत आपतकालिन योजना तर्जुमा, स्थानीय तहहरुको

संकटाभिमुखता पहिचान, जिल्लाको विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाका लागि आवश्यक सूचनाहरु संकलन तथा जिल्लाको मनसून पूर्वतयारी योजनाको अध्ययन तथा विश्लेषण खाडल(Gap) को पहिचान गरी योजना तयार गर्ने निर्णय गरिएको थियो ।
मिति २०७८ साल जेष्ठ ७ गते बसेको विषय क्षेत्रगत निकायहरुको नेतृत्वकर्ताहरु संगको बैठक श्री प्रमुख जिल्ला अधिकारी एवम् जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्र देव पाण्डे ज्युको अध्यक्षतामा बैठक बसि उक्त बैठकमा सबै विषय क्षेत्रगत समितिहरुको कार्यविवरणको बारेमा समिक्षा गरियो । सो मध्येमा संरक्षण विषयगत क्षेत्रको पुर्वतयारी तथा प्रतिकार्यको योजनालाई थप प्रभावकारी बनाउन तत्कालिन कलस्टर लिड गर्ने जिल्ला समन्वय समितिमा भएको जिम्मेवारीलाई प्रदेश अर्न्तगत रहेको सामाजिक सुरक्षा कार्यालयलाई प्रदान गरियो ।
जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना २०७८ लाई अद्यावधिक गर्ने कार्य यस वर्ष अली विस्तृत गर्ने योजना रहेता पनि कोभिड-१९ महामारीका कारण हरेक स्थानीय तहहरुमा गई जोखिम विश्लेण गर्ने र पालिकाहरुलाई समेत पुर्वतयारीमा सहयोग पुराउने कार्य गर्न असम्भव भएको हुँदा जिल्ला विपद् व्यवस्थापन समितिमा भएको समझदारी अनुसार अहिले अनौपचारीक तथा भर्चुअल माध्यमबाट यस कार्यलार्य निरन्तरता दिइएको छ । हाल सवै विषयगत क्षेत्रका काम कार्वाहीहरुलाई कोभिड-१९, मनसुन र हिमपातलाई केन्द्र विन्दुमा राखि योजना तर्जुमा गरिएको छ ।
विगतका वर्षहरुको अनुभव तथा विद्यमान जोखिमको बिश्लेषणका आधारमा जिल्ला विपद् व्यवस्थापन समितिले विभिन्न सरोकारवाला निकाय तथा मानवीय साहायता प्रदायक संस्थाहरुसंग साझेदारी, सहकार्य तथा समन्वय गरी तयार गरिएको नेपाल सरकार मनसून आपत्कालीन कार्ययोजना, २०७८ मा बैतडीको अध्ययन तथा पुनरावलोकन पश्चात् जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८ अद्यावधिक गरिएको हो । यस वर्षको लागि जिल्ला विपद् व्यवस्थापन समिति बैठकको निर्णय अनुसार विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्न समिति गठन भएको र सो समितिको सहजिकरणमा विभिन्न सरोकारवालाहरुको सहभागितामा नेपाल रेडक्रस सोसाइटी बैतडी, संयुक्त राष्ट्र संघीय जनसंख्या कोष, सामाजिक चेतना तथा विकास संघ (साडा) बैतडी/आर्थिक विकास मार्फत विपद् जोखिम व्यवस्थापन परियोजनाको प्राविधिक सहयोग तथा अन्य निकायको समन्वयमा यो योजना अद्यावधिक गरिएको हो । यो योजना कार्यान्वयनमा आएमा बैतडी जिल्लामा विपद् प्रतिकार्य गर्न सहयोग हुनुका साथै पूर्वतयारी तथा प्रभावित परिवारहरुका आधारभूत आवश्यकता तथा बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्ने तथा जोखिम कम गर्ने साथै यसबाट पर्ने प्रभावहरु न्यून गर्न सकिने विश्वास गरिएको छ ।

## १.१ बैतडी जिल्लाको परिचय

नेपालको सुदूरपश्चिम प्रदेश अन्तर्गतका ९ जिल्लाहरु मध्ये बैतडी जिल्ला एक पहाडी जिल्ला हो । यस जिल्लाको पूर्वमा बझाङ र डोटी जिल्ला, पश्चिममा महाकाली नदी, उत्तरमा दार्चुला जिल्ला र दक्षिणमा डडेल्धुरा जिल्ला पर्दछ । समुद्र सतह देखि ३९० मिटर देखि २९५० मिटर उचाईमा रहेको यो जिल्ला २९.१९° देखि २९.४१° उत्तरी अक्षाशं र ८०.१५° देखि ८०.५४° पूर्वी देशान्तरमा अवस्थित छ । जिल्ला पार्श्वचित्र २०७० का अनुसार यस जिल्लाको कूल क्षेत्रफल १५१९ वर्ग किलोमिटर छ । यस जिल्लाको सरदर वार्षिक वर्षा १२६.६७ मिलिमिटर मापन गरिएको छ । नेपाल सरकार केन्द्रिय तथ्यांक विभागले सम्वत् २०६८ मा लिएको राष्ट्रिय जनगणना अनुसार यस जिल्लाको कूल जनसंख्या २,५०,८९८ मध्ये पुरुष १,१७,४०७ र महिला १,३३,४९१ रहेको छ भने जिल्लामा जम्मा ४५,१६७ घरधुरी रहेका छन् । जस अनुसार ५ बर्षमुनिको कूल जनसंख्या ३१,९८३ मध्ये बालिका १५,६२२ र बालक १६,३६१ रहेका छन् । त्यस्तै ६० बर्ष माथि उमेर समूहका जम्मा

वृद्ध २१,९९१ मध्ये महिला १२,०७६ तथा पुरुष ९,९१५ रहेका छन् । यस जिल्लामा ४ वटा नगरपालिका र ६ वटा गाउँपालिका गरी जम्मा १० स्थानीय तहहरु रहेका छन् ।

(स्रोत: DDMP बैतडी, २०७२-२०७७)

**तालिका १: उमेर अनुसारको जनसंख्या विवरण**

| | ४ वर्ष मुनि | ५-९ वर्ष | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-४९ वर्ष | ५०-५९ वर्ष | ६० वर्षमाथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १६३६१ | १७११२ | १७७५० | १४३९२ | ७७११ | २७५५७ | ७९२१ | ९९१५ | ११७४०७ |
| महिला | १५६२२ | १७४९१ | १७८२६ | १२७०१ | १२१८४ | ३६२६६ | ८१०३ | १२०७६ | १३३४९१ |
| **जम्मा** | **३१९८३** | **३४६०३** | **३५५७६** | **२७०९३** | **१९८९५** | **६३८२३** | **१६०२४** | **२१९९१** | **२५०८९८** |

स्रोत: राष्ट्रिय जनगणना, २०६८

## शारीरिक अवस्था

बैतडी जिल्लाको कूल जनसंख्या २,५०,८९८ मध्ये विविध कारणबाट प्रभावित भइ फरक–फरक प्रकारको अपाङ्गता हुन पुगेका व्यक्तिहरु जम्मा ७,७८८ जना रहेका छन् । जसमा अन्धोपन तथा कमजोर दृष्टि १,४२४ जना, भौतिक ३,४०९ जना, बहिरा १६८ जना, कमजोर श्रवणशक्ति १,२४५ जना, बोलीमा समस्या ५६८ जना, मानसिक रुपमा कमजोर ३६७ जना र सुस्त मनस्थितिका १६८ जना रहेका छन र ४३९ जनामा बहुअपाङ्गता भएको समेत अपाङ्गताको तथ्यांकले देखाएको छ ।

**तालिका २:अपाङ्गताको अवस्था**

| अपाङ्गताको प्रकार | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| भौतिक | ३४०९ | १८३७ | १५७२ |
| अन्धोपन तथा कमजोर दृष्टि | १४२४ | ६९३ | ७३१ |
| कमजोर श्रवण शक्ति | १२४५ | ६५३ | ५९२ |
| अन्धा बहिरा | १६८ | ८८ | ८० |
| वोलीमा समस्या | ५६८ | ३७० | १९८ |
| मानसिक कमजोर | ३६७ | २२० | १४७ |
| सुस्त मनस्थिति | १६८ | ९३ | ७५ |
| बहु अपाङ्गता | ४३९ | २३९ | २०० |
| जम्मा | ७७८८ | ४१९३ | ३५९५ |

स्रोत: DDMP बैतडी, २०७२-२०७७

## जलवायू तथा भूउपयोगको अवस्था

बैतडी जिल्लाको भौगोलिक भू-बनोट अत्याधिक रुपमा भिरालो जमिन भएकोले अधिकांश भागमा चिम्टाइलो, बलौटे, मिश्रित बलौटे र फुस्रो माटो पाइन्छ । समथर भू-भाग जस्तै पाटन तथा ढुंगाड क्षेत्रमा उर्वरा दोमट माटो पाइन्छ । जिल्लाको भूउपयोगको विवरण निम्न अनुसार छ ।

**तालिका ३: भू-उपयोगको अवस्था**

| विवरण | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|
| कूल खेतियोग्य जमिन | ३१,४८५ | २१.२ |
| खेति गरिएको जमिन | २५,७०० | १७.२ |
| सिंचित जमिन | १०,५२० | ७ |
| असिंचित जमिन | १५,२०० | १०.२ |

| विवरण | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|
| वनजंगलले ओगटेको क्षेत्र | ५८,५८२ | ३९.४ |
| चरिचरन | १९,१९९ | १२.९ |
| नदीनाला | १०,४१२ | ७ |
| अन्य | १३,३९४ | ९ |

*स्रोत: DDMP बैतडी २०७२-२०७७*

जलवायूका हिसावले यस जिल्लाको तल्लो भेगमा अर्ध उष्ण, उच्च पहाडी भेगमा शीतोष्ण हावापानी पाइन्छ । यस जिल्लाको औषत तापक्रम अधिकतम ३० डिग्री सेल्सियस र न्यूनतम ५ डिग्री सेल्सियस रहेको पाइएको छ । औषत वार्षिक वर्षा १५१३ मिलिमिटर रहेको छ । यस जिल्लामा प्रमुख २५ वटा नदी तथा खोलानालाहरु रहेका छन् जसमध्ये मुख्य रुपमा महाकाली, सेती, चौलानी, सुर्नया, जमाडी, गर्मा, आगरी, ढुंगाड, न्वाघरीगाड, बलगाड, ढिकगाड, लिखाडीगाड आदि रहेका छन् ।

**बनजंगलको किसिम**

उचाईको विविधताको कारणले गर्दा ३९० देखि ५०० मिटर उचाई सम्म साल र खयर प्रजातिको बन पाइन्छ भने ५०० देखि १८०० मिटर उचाईमा सल्लाको प्राकृतिक वन रहेको पाइन्छ । सो भन्दा माथि बाँज, लालीगुरांस, फलांट तथा काफलको बन पाइन्छ । चौलानी नदीको छेउमा सिसौं र खयरको समेत वृक्षारोपण गरिएको छ ।

**प्राकृतिक तथा भौतिक श्रोत**

प्राकृतिक स्रोतको रुपमा बैतडी जिल्लामा ७८ धारा, २२८६ ट्यूववेल, ४०५८ छोपेको कुवा, ४६६९ नछोपेको कुवा, २२५९ मुलको पानी, ७८८ नदीनाला, १९७ वटा अन्य गरी जम्मा ३०,८३२ पानीको श्रोत रहेका छन् । साथै जिल्लामा रहेका घरका प्रकारहरुको विश्लेषण गर्दा जम्मा ४५,१६७ घरधुरीहरुमध्ये ढुंगा माटो जडानबाट बनेका ४३,९७२ घरधुरी, सिमेन्ट जडानबाट बनेका ७४९ घरधुरी, आर सि.सि पिल्लरबाट बनेका १०४ घरधुरी, काठको पिल्लरबाट बनेका ४७ घरधुरी र अन्य २ घरधुरीहरु रहेका छन् । यस जिल्लामा अधिकांश घरहरु माटो, इट्टा, र ढुंगाद्धारा निर्मित भएका पाइन्छन् । सिमेन्ट लगाएर बनाइएका घरहरु माटो, इट्टा ढुंगाको तुलनामा न्यून संख्यामा रहेको देखिन्छ जबकी राष्ट्रिय अवस्थालाई हेर्दा यो संख्या अत्यन्त नगन्य जस्तो देखिन्छ । साथै घरको छानाको प्रकार बमोजिम ६१२ खर वा कुसको, ५८१ जस्तापाता, ४२,५२६ टायल र स्लेट, १,०५६ पक्की, १३ काठ, ३७ माटो र १६ घर अन्य बस्तुबाट वनेका पाईन्छन् ।

उज्यालो बत्तीको लागि विजुली प्रयोग गर्ने घरधुरी ११,२३२ मट्टितेल १७,९८१ गोवर ग्यास ६४ सौर्य शक्ति ८,०८० अन्य श्रोत ७,६१५ घरधुरी रहेका छन् । यस्तै गरी ईन्धनको रुपमा ४४,२१० घरधुरीले दाउरा प्रयोग गर्दछन् भने २६६ घरधुरीले मट्टितेल, ३९६ घरधुरीले ग्यास, ३३ घरधुरीले गुईठा, ४३ घरधुरीले गोवरग्यास, ३३ घरधुरीले विजुली र ३ घरधुरीले अन्य श्रोत प्रयोग गरी खाना वनाउने गरेको तथ्यांकले देखाउछ । यस्तै गरी सञ्चार तथा मनोरञ्जनका साधनमा रेडियो २५५८६, टिभि २९५९, केवल १५३८, कम्प्यूटर २१२, ईन्टरनेट ६४, टेलीफोन ७४३, मोवाईल १७१२९ वटा घरधुरीहरु रहेका छन् भने केहि पनि नभएका घरधुरी संख्या १३६०९ रहेका छन् ।

**१.२ जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य तथा रणनीति**

**समष्टिगत उद्देश्यः** जिल्ला पूर्वतयारी तथा प्रतिकार्य योजनाको समष्टिगत उद्देश्य यस प्रकार रहेको छः

- विपद्बाट उत्पन्न मानवीय जोखिमका असरहरू न्यूनिकरण गर्नका लागि जिल्लाको प्रतिकार्य क्षमता अभिवृद्धि गर्दै प्रभावितहरुको आधारभूत आवश्यकताहरुलाई प्रभावकारी एवंम् समन्वयात्मक रुपमा उपलब्ध गराउने कुरा सुनिश्चित गर्नु ।

**निर्दिष्ट उद्देश्य:** जिल्ला पूर्वतयारी तथा प्रतिकार्य योजनाको निर्दिष्ट उद्देश्यहरु यस प्रकार रहेका छन्:

- जिल्ला स्थित जोखिममा रहेका स्थानीय तहहरुको संकटासन्नता विश्लेषण गरी स्थानीय स्रोत साधन र क्षमताको पहिचान गर्ने ।
- जोखिममा रहेका समुदायको सुरक्षित भविष्यको प्रत्याभूतिको लागि विपद्को सामना गर्न जिल्लाको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउने ।
- भूकम्प, बाढी/पहिरो, तथा पानीजन्य आपत्कालबाट उत्पन्न विपद् व्यवस्थापनको लागि स्थानीय स्रोत, साधन, सीप र ज्ञानको अधिकतम उपयोग गर्दै प्रतिकार्य तथा पूर्वतयारी योजना अनुसार जिल्लास्थित सरोकारवाला निकायहरुको क्षमता अभिवृद्धि गर्ने ।
- आपत्कालिन अवस्थाको सामना गर्न जिल्लास्थित सरोकारवालाहरुको प्रतिकार्य क्षमतालाई अझ प्रभावकारी बनाउने ।

**अपनाईएका रणनीति**: जिल्ला पूर्वतयारी तथा प्रतिकार्य योजनाको तर्जुमा गर्दा अपनाइएका केही रणनीतिक गतिविधि निम्न अनुसार छन:

- सबै स्थानीयतहहरु संग समन्वय गरि योजना तर्जुमा गरिएको र कोभिड १९ कारण भौतिकरुपमा उपस्थिति भई छलफल गर्न असम्भव भएकोले अर्चुअल माध्यबाट बैठक गरिएको ।
- विगत ५ वर्षको बाढी/पहिरोको प्रभावको विश्लेषण र सबैभन्दा खराव परिस्थितिलाई आधारको रुपमा छनोट,
- जिल्लामा कार्यरत क्रियाशिल निकायको क्षेत्रगत रुपमा क्षमता विश्लेषणद्धारा पूर्वतयारी र प्रतिकार्य निर्धारण,
- तर्जुमा भएको योजनाको प्रभावकारी कार्यान्वयनको लागि जिम्मेवारी बाँडफाँड,
- आपत्कालिन प्रतिकार्यको लागि गरिने पूर्वतयारी तथा प्रतिकार्यका क्रममा क्षेत्रगतरुपमा रहेको दक्षता, ज्ञान, सीप, विधिको प्रयोगका लागि समन्वयमा जोड,
- जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन जिल्ला विपद् व्यवस्थापन समितिले गर्नेछ, जसको मूल्यांकन विभिन्न विकास साझेदार एवम् गृह मन्त्रालय तथा केन्द्रिय विपद् व्यवस्थापन समिति तथा प्राधिकरणबाट हुनेछ ।

## २. योजना निर्माण प्रक्रिया

यस जिल्लामा विगतमा घटेका विपद्सम्बन्धी घटनाहरुलाई आधार मानेर बैतडी जिल्लामा हुने गरेका भूकम्प, बाढी, पहिरो, चट्याङ, आगलागी, हावाहुरी, सवारी दुर्घटना, हिमपात, महामारी (कोभिड १९ र अन्य) जस्ता विपद्हरुलाई प्राथमिकतामा राखियोजना निर्माणको लागि जिल्लास्थित विभिन्न सरकारी तथा गैरसरकारी निकायहरु बीच विभिन्न समयमा भएका औपचारिक तथा अनौपचारिक छलफल र सहकार्यमा जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८ जिल्ला बिपद् व्यवस्थापन समिति, बैतडीको सक्रियतामा निर्माण गरिएको हो । यो योजनालाई योजना तर्जुमा मार्गदर्शन, २०६७ (पहिलो संसोधन २०७६) मा उल्लेख भएअनुरुप योजना निर्माण प्रक्रियामा जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला स्थित विभिन्न सरकारी तथा गैरसरकारी संघ-संस्था, सुरक्षा निकाय, राजनैतिक पार्टी, नेपाल रेडक्रस सोसाइटी, संघसंस्थाका प्रतिनिधिहरु, समुदायका

प्रतिनीधिहरु र पत्रकारहरुको प्रत्यक्ष तथा अप्रत्यक्ष सहभागितामा विभिन्न चरणहरु पुरा गरी जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने कार्य समेत सम्पन्न भएको छ ।

## ३. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा

यस विपदपूर्वतयारी तथा प्रतिकार्य योजनाबाट विपद् प्रतिकार्यलाई व्यवस्थित गर्नुका साथै सरोकारवाला निकायहरुले निम्न बमोजिमको उपलब्धि हासिल गर्नेछन् ।

- कोभिड-१९ प्रतिकार्यमा सहजता हुने ।
- मानवीय साहायतामा संलग्न निकायहरुको पहिचान हुने ।
- समन्वय बैठक तथा पद्धति स्थापना हुने ।
- प्रभावकारी योजनाका लागि जिल्लाको विपद्को पूर्व इतिहासको जानकारी हुने ।
- सबै निकायहरुको भूमिका पहिचान गर्ने ।
- प्रकोप तथा जोखिम नक्सा तयार गर्ने ।
- सम्भावित विपद्को क्षेत्रमा छुट्टाछुट्टै योजना तर्जुमा गर्ने ।
- साझेदार निकायको सम्पर्क सूची तयार गर्ने ।
- हरेक निकायमा सम्पर्क व्यक्ति तोक्ने ।
- जिल्ला विपद् व्यवस्थापन समितिले सबै विषयगत अगुवाहरुलाई विपद्को निश्चित प्रकृतिमा आधारित छुट्टाछुट्टै प्रतिकार्य योजना तर्जुमा गर्न निर्देशन दिने ।
- साधन/स्रोतको आँकलन गर्ने ।
- प्रतिकार्यको साझा मापदण्डमा सहमति गर्ने ।
- विस्थापितहरुलाई राख्नका लागि शिविरको स्थान पहिचान गर्ने ।
- खोज तथा उद्धार टोलीको गठन गर्ने ।
- स्थानीय तहहरुले वितरण गर्दै आएको राहतलाई थप व्यवस्थित बनाउने ।
- जिल्लामा सूचना व्यवस्थापनको लागि जिल्ला आपतकालिन कार्य संचालन केन्द्रलाई थप प्रभावकारी रुपमा व्यवस्थापन र संचालन हुने ।
- पूर्वसूचना प्रणालीका लागि सम्भावित अवस्था तथा स्थानको अध्ययन गर्न सहज हुने ।

## ४. सामान्य पूर्वतयारी योजना

### ४.१ सन्दर्भ सामग्री पुनरावलोकनको नतिजा

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाका लागि गरिएको सन्दर्भ सामग्री पुनरावलोकनको नतिजा

| क्र.सं | प्रतिवेदनको नाम | पूर्वअसल अभ्यासहरु | मूख्य सिकाई | सुझावहरु |
|---|---|---|---|---|
| १ | जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ | योजना बनाउनु पर्छ भन्ने सकारात्मक सोचको शुरुवात तथा सो को खाका तयार | जिल्लामा खाका तथा सोचले मात्र नपुग्ने हुनाले कुनै पनि विषयको (महामारी जस्तै झाडापखाला) विस्तृत योजना निर्माण गर्नुपर्ने रहेछ । | सहभागितात्मक हिसावले तयार गरेको योजना अनुसार सम्बन्धित निकायले जिम्मेवारी बहन गर्नुपर्ने |
| २ | जिल्ला मनसून पूर्व तयारी योजना २०६७, ०७४/०७५ | योजनाको दस्तावेजिकरण गर्ने असल अभ्यासको शुरुवात | जोखिमको अवस्था राम्रो संगचित्रण भएको हुँदा योजना तर्जुमा गर्न सजिलो | एकीकृत योजना (Integrated plan)निर्माण गर्नुपर्ने |

| क.सं | प्रतिवेदनको नाम | पूर्वअसल अभ्यासहरु | मूख्य सिकाई | सुझावहरु |
|---|---|---|---|---|
| ३ | बिपद् व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ | दैवी प्रकोप उद्धार ऐन, २०३९ अनुसार उद्धार कार्यको संस्थागत प्रारुपको शुरुवात | विपद् पूर्वतयारी र प्रतिकार्यका लागि व्यवस्थापन कार्य गर्न सहज एवम् एकरुपता हुने । | जिल्लाका सरोकारवाला निकायहरुलाई जानकारी गराउनुपर्ने |
| ४ | जिल्लाको विपद्को इतिहास (बाढी, पहिरो, आगलागि, महामारी आदि) | समन्वयात्मक रुपमा जिल्ला स्थित निकाय जिल्ला प्रशाासन कार्यालय, जिसस, स्थानीय निकायहरु, साडा बैतडी, मर्सिकोर, रुडेस, अक्सफाम यु.एन.एफ.पिए र रेडक्रस बाट योगदान भएको पाईन्छ । | उद्धार सामग्री संकलन र वितरणका लागि ठोस योजनाका अभावमा प्रकोप संग जुध्न जिल्लाको क्षमताको पहिचान हुन नसकेको | प्रभावकारी व्यवस्थापन ( समन्वय एवं कार्यान्वन) का लागि आवश्यकता, |
| ५ | विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ | विपद् प्रतिकार्यको नयाँ संरचना र कार्य विवरण, स्थानीय तहलाई थप जिम्मेवार गराइएको | विपद् व्यवस्थापनमा नीजि क्षेत्रको सहभागितामा वृद्धि | संरचनात्मक विकास र प्राधिकरण गठनमा तिव्रता दिनु पर्ने |
| ६ | जिल्ला विपद् व्यवस्थापन योजना, २०७२-२०७६ | जिल्लाको विपद् व्यवस्थापन र पूर्वतयारी सम्बन्धी सम्पुर्ण विवरणहरु एउटै बुलेटिनबाट प्राप्त गर्न सजिलो भएको | जिल्लामा उपलब्ध हुने विपद् सूचनामूलक तथा पूर्वतयारीका सामग्रीहरुले जिल्लाको वास्तविक सूचना र समस्याहरु पहिचान गर्नमा मद्दत पुऱ्याउने | योजना कार्यान्वियन गर्दा चुनौती तथा समस्याहरुको पहिचान गरेर योजनामा समावेश गरी सरोकारवालाहरुको सुझाव सहितको विवरण बुलेटिनमा समावेश गर्दा अझ उपलब्धिमूलक हुने |
| ७ | विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली, २०७६ | विपद् प्रतिकार्यको नयाँ संरचना र कार्य विवरण | विपद् व्यवस्थापनमा सरोकारवालाहरुको जिम्मेबारी | संरचनात्मक विकास र प्राधिकरण गठनमा तिव्रता दिनु पर्ने |
| ८ | जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ ( प्रथम शसोधन २०७६ मंसिर) | संघिय शासन व्यवस्था अनुसारको विपद पुर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गर्नु पर्ने ( संघ प्रदेश र स्थानीय तह) | क्षेत्रगत अवधारणलाई थप शसक्त बनाइ संथागत सहभागीतामा प्रकोप जोखिम विश्लेषण गरी योजना अद्यावधिक गर्ने । | सहभागितात्मक हिसावले तयार गरेको योजना अनुसार सम्बन्धित निकायले जिम्मेवारी बहन गर्नुपर्ने |

| क्र.सं | प्रतिवेदनको नाम | पूर्वअसल अभ्यासहरु | मूख्य सिकाई | सुझावहरु |
|---|---|---|---|---|
| ९ | संक्रामक रोग ऐन २०२० | यसै ऐन अनुसार गत वर्ष देखि कोभिड १९ पुर्वतयारी र प्रतिकार्यका कामहरु गरिएको । | ऐन अनुसार गठित DCMC ले मात्रै कोभिड प्रतिकार्यको लागी असहजता देखिएको । | सबै प्रकोप अनुसार छुट्टाछुट्टै ऐन तर्जुमा नगरि विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४ अनुसार अगाडी बढनुपर्ने देखिन्छ । |

## ४.२ विभिन्न बैठकका निर्णयहरु

### ४.२.१ जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निमार्णका लागी चालीएका कदमहरु

कोभिड १९ प्रतिकार्यमा बावजुद योजना तर्जूम ागर्नको लागी मिति २०७८।०२।०५ गते जिल्ला विपद् व्यवस्थापन समितिको भर्चुअल बैठकबाट विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना २०७७ लाई अद्यावधिक गर्ने र सो योजनालाई एकिकृत गरि मनसुन पुर्वतयारी लाई समेत एकिकृत गर्ने निर्णय बमोजिम निम्न कार्यहरु गरियो ।

- स्थानीय तहहरुको यस आ.व मा घोषित निति तथा कार्यक्रम, बजेटमा भएको व्यवस्था र योजना कार्यान्वयनको अवस्थाका बारेमा जानकारी लिइएको ।
- विद्यमान अवस्थामा स्थानीय तह र क्षेत्रगत अनुसारको जिम्मेवारी तोकिएका निकायहरु संग विपद् प्रतिकार्यका लागी भएको स्रोत साधनको विवरण संकलन गरिएको ।
- जिल्ला प्रशासन कार्यालय र उद्योग वाणिज्य संग बैतडीका विच आपकालीन खाद्य आपुर्ति (Food Bank) का लागी समझदारी पत्रमा हस्ताक्षर गरिए बमोजम निरन्तरता दिईएको । (अनुसूची-२)
- नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा, बैतडी र अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स.का विच मनसून आपतकालीन कार्ययोजना, २०७७ र जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणमा भैरहेको प्रगतिको समीक्षा गरिएको ।
- स्थानीयतह हरुले विपद् व्यवस्थापन सम्बन्धी गरेका कार्यहरु र कोभिड–१९ प्रतिकार्यमा गरेका गतिविधिको समिक्षा गरेको ।

मिति २०७८/०२/०७ गतेका दिन जिल्ला प्रशासन कार्यालय, बैतडीमा उपस्थित सुरक्षा निकाय, विभिन्न कार्यालय प्रमुख, विकास साझेदार निकाय, नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा बैतडी, सामाजिक चेतना तथा विकास संघ (साडा) बैतडी,आर्थिक विकास मार्फत विपद् जोखिम व्यवस्थापन परियोजना लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुको उपस्थितिमा बैठक गरियो । यसै बैठकबाट जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणका लागि प्रशासकिय अधिकृतको संयोजकत्वमा ५ सदस्य (अनुसूची-३) भएको उपसमिति गठन गरी योजना अद्यावधिकको काम सुरुवात गर्ने निर्णय बमोजिम योजना निर्माणको कार्य प्रारम्भ गरिएको थियो ।

### ४.२.२ कार्यशाला गोष्ठी

विभिन्न चरणको छलफल र बैठक पछि मिति २०७८ जेष्ठ ३० गते जिल्ला प्रशासन कार्यालयको भवनमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक अन्तरक्रिया आयोजना गरी आएका सुझावहरुका आधारमा योजनालाई थप परिमार्जन गरीयो । क्षेत्रगत बैठकमा छलफलमा नआएका र अन्तिम अन्तरक्रिया क्षेत्रगत प्रस्तुतिमा छुटेका बुँदाहरुलाई पुनः क्षेत्रगत अगुवाहरुको

बैठक गरी सबै स्थानीय तहलाई खेस्रा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पठाइ सुझाव माग गरी योजना निर्माण कार्यलाई पूर्णता दिइयो ।

### ४.२.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पुनरावलोकन

योजनामा विपद्को समयमा तत्कालै गर्नुपर्ने कामको क्षेत्रगत कार्ययोजना तर्जुमा गरी क्षेत्रका प्रमुखको जिम्मेवारीमा समयसीमा समेत निर्धारण र कार्य विभाजन सहित आपतकालिन अवस्थामा प्रतिकार्यका लागि निर्धारण गरिएका गतिविधि सञ्चालन गर्न आवश्यक पूर्वतयारी र बजेटको अनुमान समेत गरिएकोमा त्यसलाई २०७८ साल जेठ ३० गतेको मितिमा कार्यशाला तथा बैठक मार्फत् पुनरावलोकन गरी समय सापेक्ष परिमार्जन गरिएको छ ।

### ४.२.४ बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको परिस्थिति तथा योजना तर्जुमा सम्बन्धी पूर्वानुमान

जिल्लामा हुने विपद्का घटनाहरुलाई समयमै व्यवस्थापन गर्नुपर्ने दायित्व अनुरुप ३.४ मा उल्लेख गरिएको जोखिम विश्लेषणलाई आधार मानी जिल्लाको पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउन जिल्ला विपद् व्यवस्थापन समिति सहमत भएको छ । यसै सन्दर्भमा, विगतका ५ वर्षमा विपद्बाट भएको जनधनको क्षति, बालिनाली  तथा घरसम्पत्ति र भौतिक संरचनाको विनाश, पशु चौपायाको क्षति, विपद्बाट प्रभावित क्षेत्र तथा जनसंख्या, उपलब्ध स्रोतसाधन र क्षमताको विश्लेषण गर्ने उद्देश्यले विपद्बाट विगतका वर्षमा घटेका घटनाहरुलाई पुनरावलोकन गरी जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्न आवश्यक पर्ने निम्न बमोजिम तय गरिएको छ ।

- विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को प्रभावबाट बैतडी जिल्ला करिव ७५००० मानिसहरु प्रभावित हुने अनुमान गरीएको छ भने हाल सम्म पि.सि.आर. परिक्षणबाट संक्रमण पुष्टि भएका २२५८ जना रहेका छन् । त्यसमा १७ जनाको मृत्यु भएको र १६८ जना आईसुलेसनमा रहेका छन् । *(मिति २०७८।०२।३० गते जिल्ला स्वास्थ्य कार्यालयको तथ्यांकबाट)*
- महामारीको यस अवस्थामा पि.सि.आर. परिक्षणको दायरा फराकिलो पार्ने, नेपाल सरकारले जारी गरेको मापदण्डका आधारमा क्वारेन्टीनको व्यवस्थापन गर्ने, नेपाल सरकारले तोके बमोजिम स्वास्थ्य सुरक्षा नियमका पालना गर्ने गराउने, मानसिक रुपमा अघात व्यवस्थापन गर्न मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने र सो का लागी आवश्यक स्रोतको पहिचान र परिचालन गर्नु पर्ने अवस्था छ ।
- भुकम्प तथा कोभिड-१९ बाहेक अन्य विपद्का घटनाबाट यस जिल्लामा सरदर प्रतिवर्ष करिव ७ सय देखि ९ सय परिवारका ४ देखि ५ हजार जनसंख्या प्रभावित हुने गरेको छ भने करिव २ सय परिवारका ७ सय भन्दा वढी जनसंख्या विस्थापित हुने गरेको र प्रकोपबाट सरदरमा हरेक वर्ष ८० जना र रोगको महामारीबाट ८ जनाको मृत्यु हुने गरेको अवस्था छ ।
- पाल्तु जनावर, बालीनाली तथा अन्य सम्पत्ति गरी प्रति स्थानीय तह वर्षेनी औसत करिव रु १२ लाख मुल्य बरावरको क्षति हुने गरेको छ ।
- विपद् प्रभावित क्षेत्रमा बर्षेनी सयौं भवनहरु पूर्ण रुपमा क्षति हुने गरेको छ भने केहि भवनहरु मर्मत संभार हुन सक्ने गरी आशिंक रुपमा भत्केको अवस्था छ ।
- सडक तथा पुलहरु आशिंकरुपमा क्षति भएको तर मर्मत सम्भार गरी केहि दिन (३० दिन) भित्रमा नै सन्चालन हुने गरेको अवस्था छ ।

- कयौं पानीका स्रोत र ईनारहरु पूर्णरुपमा क्षति भई सुख्खायाममा खानेपानी १/२ हप्ताको लागि प्रभावित हुने गरेको ।
- करिव ३५ प्रतिशत व्यक्तिगत, संस्थागत र सामुदायिक चर्पिहरुमा सरसफाई हुन नसक्दा समुदायका मानिसहरु प्रभावित हुने गरेको ।
- विस्थापित सयौं जनालाई स्थानीय विद्यालय, सामुदायिक भवनमा व्यवस्थापन गर्न सकिने ( Sphere Guideline अनुसार ३.५ व.मि.)अवस्था छ ।
- जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकी लगायतका स्वास्थ्य संस्थामा निशुल्क उपलव्ध हुने भनिएको ७० प्रकारका औषधि तथा विभिन्न तहका कर्मचारी अपर्याप्त भएको अवस्था छ ।
- कोभिड-१९ तथा अन्य विपदको प्रभावबाट विद्यालयहरु आशिंक रुपमा क्षति भई फर्निचर, पठनपाठनका सामग्री क्षति भएको, पठनपाठन कार्य कम्तिमा २/३ महिना सम्म अवरुद्ध हुने अवस्था छ । त्यसै गरी अधिकांश विद्यालयहरु डाँडामा तथा अग्लो स्थानमा भएको हुँदा हावाहुरीबाट अझ बढी प्रभावित हुने गरेको छ ।
- विपद्को समयमा बालबालिका, किशोर किशोरी, महिला, बृद्धबृद्धा, असक्त तथा अपाङ्ग उपर संरक्षणका सवालहरु वृद्धि हुने गरेको छ ।
- विपद्को समयमा स्थानीय वजारमा मानिसहरुको पहुँच कम मात्र हुने गरेको छ ।
- विपदको प्रतिकार्य समयका लागि खाद्यान्नको व्यवस्थापन गर्न उद्योग वाणिज्य संघ संग गरीएको सम्झौता अनुसार अन्य सरोकारवाला संग समेत समन्वय गरी कम्तीमा ५०० परिवारको लागी १ महिना पुग्ने खाद्यान्न मौज्दात राख्नु पर्ने अवस्था छ ।
- बाढी, पहिरो र आगलागीका कारण गैरखाद्य सामग्रीहरु नष्ट हुने हुँदा गैरखाद्य सामग्रीको अभाव रहने गरेको छ ।
- भूकम्पीय जोखिममा रहेको स्थानीय तहहरुमा धनजनको क्षति भई खाद्य सामग्री, गैरखाद्य सामग्री, आपतकालिन आवास, खानेपानी तथा सरसफाई, आदिको अभाव हुन सक्ने अनुमान गर्न सकिन्छ ।
- विपद्को समयमा प्रदान गरिने राहत सामग्री भण्डारण गर्न उचित स्थानमा गोदाम घरको अभाव रहेका हुँदा यसलाई पनि व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।
- गरिबीका कारण युवाहरु विदेश पलायन हुने कारणले गर्दा समुदायमा संकटासन्न समुदाय जस्तै बालवालिका, किशोर किशोरीहरु, महिला र वृद्धहरुको मात्र उपस्थिति रहने हुँदा समुदाय स्तरबाटै हुने खोज उद्धारको कार्य प्रभावित हुने गरेको छ ।
- विपद् पुर्वतयारी तथा प्रतिकार्यको सन्दर्भमा हाल सम्म जिल्ला तथा स्थानीय तहमा आपतकालीन कार्य संचालन केन्द्र नभएको कारण तथ्यांक संकलन र सूचना प्रवाह गर्न कठिन भएको हुदा जिल्ला र स्थानीय तहहरुमा पनि सो केन्द्र स्थापना गर्न सहजीकरण गर्नु पर्ने देखिन्छ ।

समग्रमा प्रकोपको जिल्लाको ऐतिहासिक घटनालाई आधार मान्दा १०,००० घरधुरी प्रत्यक्ष प्रभावित हुने अनुमानका आधारमा योजना तयार गरिएको छ । यसका लागि क्षेत्रगत क्षमता बिश्लेषण तथा क्षेत्रगत आवश्यकता विश्लेषण बाट हेर्न सकिन्छ । बैतडी जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना जिल्ला विपद् व्यवस्थापन समितिको पुर्ण बैठकबाट अनुमोदन गरी कार्यान्वयनमा ल्याइएको छ । यसैसन्दर्भमा, विगतका ५ वर्षमा विपद्बाट भएको जनधनको क्षति, बालिनाली तथा घरसम्पत्ति तथा भौतिक संरचनाको विनास, पशु चौपायाको क्षति, विपद्बाट प्रभावित क्षेत्र तथा जनसंख्या, उपलब्ध स्रोतसाधन र क्षमताको विश्लेषण गर्ने उदेश्यले विपद्बाट उच्च जोखिमा रहेका

स्थानीय निकायहरुमा आपत्कालिन योजना निर्माण गर्न आवश्यक पर्नेसूचनाहरुको विश्लेषण गरिएको छ ।
यसर्थ सबैभन्दा बढी जोखिममा रहेको वा पहिचान गरिएको स्थानीय तहको जनसङ्ख्यालाई आधार लिई न्यूनतम पूर्वतयारी गरी विभिन्न कार्यक्रमहरूको सञ्चालनका लागि उमेरका आधारमा लक्षित पुरुष तथा महिलाको जनसङ्ख्याको पूर्वानुमान गरिएको छ ।

**तालिका ४: योजना तर्जुमा सम्बन्धी लक्षित जनसंख्याको पूर्वानुमान**

| न्यूनतम पूर्वतयारीका लागि अन्दाजी जनसंख्या | जनसंख्या को% | प्रभावित कूल जनसंख्या १,६८,५६८ | | | विस्थापित कूल जनसंख्या ६५,८५० | | |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| प्रभावित कूल जनसंख्या | | ८२०२३ | ८६५४५ | १६८५६८ | ३१५९५ | ३४२५५ | ६५८५० |
| परिवारसंख्या | सरदर ६ प्रति परिवार | | | २८०९४ | | | १०९७५ |
| प्रजननयोग्य उमेरका महिला | २५ | | २१६३६ | | | ८५६३ | |
| ज्येष्ठ नागरिक, ६० वर्षभन्दा बढी उमेरको जनसंख्या | ३० | २४६०७ | २५९६३ | ५०५७० | ९४७८ | १०२७७ | १९७५५ |
| १९ वर्षसम्मका बालबालिकाको संख्या | ४६ | ३७७३१ | ३९८१० | ७७५४१ | १४५३४ | १५७५७ | ३०२९१ |
| १०-१९ वर्षका किशोर-किशारीको संख्या | २२ | १८०४५ | १९०४० | ३७०८५ | ६९५१ | ७५३६ | १४४८७ |
| तिव्र सामाजिक तिरस्कारको अनुभव गरिरहेका व्यक्ति (दलित) को संख्या | ११ | ९०२३ | ९५१९ | १८५४२ | ३४७५ | ३७६८ | ७२४३ |
| अति गरीब व्यक्तिको संख्या | ३३ | २७०६८ | २८५५९ | ५५६२७ | १०४२६ | ११३०४ | २१७३० |
| गर्भवती तथा दूध खुवाउने आमाको संख्या | ५ | | ४३२७ | | | १७१२ | |
| गर्भवती महिलाको संख्या | २.३ | | १९९० | | | ७८८ | |
| प्रतिमहिना प्रशुतिको अन्दाजी संख्या | ०.२५ | | २१६ | | | ८६ | |

| न्यूनतम पूर्वतयारीका लागि अन्दाजी जनसंख्या | जनसंख्या को% | प्रभावित कूल जनसंख्या | | | विस्थापित कूल जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | १,६८,५६८ | | | ६५,८५० | | |
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| प्रतिमहिना शिशुको अन्दाजी संख्या | ०.२५ | | २१६ | | | ८६ | |
| प्रतिमहिना आपतकालीन प्रशुति सेवा चाहिने महिलाको अपेक्षित संख्या | ०.०३८ | | ३३ | | | १३ | |
| प्रतिमहिना जटिलता हुने शिशुको अपेक्षित संख्या | ०.०२५ | २०५ | २१६ | ४२१ | ७९ | ८६ | १६५ |
| ६-९ वर्षसम्मका बालबालिकाको संख्या | ११ | ९०२३ | ९५१९ | १८५४२ | ३४७५ | ३७६८ | ७२४३ |
| ५ वर्षमुनिका बालबालिकाको संख्या | १३ | १०६६३ | ११२५१ | २१९१४ | ४१०७ | ४४५३ | ८५६० |
| ६-११ महिनासम्मका बालबालिकाको संख्या | १ | ८२० | ८६५ | १६८५ | ३१६ | ३४३ | ६५९ |
| १२-२३ महिना सम्मका बालबालिकाको संख्या | ३ | २४६० | २५९५ | ५०५५ | ९४८ | १०२९ | १९७७ |
| २४-५९ महिना सम्मका बालबालिकाको संख्या | ८ | ६५६० | ६९२० | १३४८० | २५२८ | २७४४ | ५२७२ |
| ६-५९ महिना सम्मका बालबालिकाको संख्या | १२ | ९८४० | १०३८० | २०२२० | ३७९२ | ४११६ | ७९०८ |
| ६-५९ महिना सम्मका कुपोषित बालबालिका | १३ | १०६६३ | ११२५१ | २१९१४ | ४१०७ | ४४५३ | ८५६० |
| ६-५९ महिना | १० | ८२०० | ८६५० | १६८५० | ३१६० | ३४३० | ६५९० |

| न्यूनतम पूर्वतयारीका लागि अन्दाजी जनसंख्या | जनसंख्या को% | प्रभावित कूल जनसंख्या | | | विस्थापित कूल जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | १,६८,५६८ | | | ६५,८५० | | |
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| सम्मका मध्यम रूपमा कुपोषित बालबालिका | | | | | | | |
| ६-५९ महिना सम्मका तिव्र रूपमा कुपोषित बालबालिका | ३ | २४६० | २५९५ | ५०५५ | ९४८ | १०२९ | १९७७ |

## ४.३ मानवीय सहायतामा संलग्न जिल्ला स्थित सरकारी तथा गैरसरकारी साझेदार निकायको सूची

| क.स | संस्थाको नाम | बिषयगत कार्यक्षेत्र | सम्पर्क ब्यक्ति | सम्पर्क नं, इमेल, मोबाईल |
|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय८ | समन्वय<br>खोज तथा उद्धार | राजेन्द्र देव पाण्डे | ०९५-५२०१३३, ०९५-५२०२३३ ९८५८०७७७७ |
| २ | जिल्ला समन्वय समिति /प्रत्येक स्थानीय तहहरु | समन्वय, पुन:निर्माण, पुन:स्थापना | सिद्धराज भट्ट, प्रमुख ( समन्वयका लागि जिसस ) | ०९५-५२०१४४, ९८४८७१७२२४ ०९५-५२०२१२ |
| ३ | हनुमानध्वज गुल्म | खोज तथा उद्धार | प्रविन थापा | ०९५-५२०१०५, ०९५-५२०२०० ९८५८७५२७७२ |
| ४ | जिल्ला प्रहरी कार्यालय | खोज तथा उद्धार<br>सुरक्षा | नारायण प्रसाद अधिकारी | ९८५८७०५५५५ ०९५५२०१०१ |
| ५ | सशस्त्र प्रहरी बल नेपाल,गुल्म नं ५१ | खोज तथा उद्धार | गणेश बहादुर शाह | ९८५१२७२०५२, ०९५५२०१६३ |
| ६ | डिभिजन बन कार्यालय | आपतकालिन आवास तथा गैर खाद्य | केशव पराजुली | ०९५-५२०१५२ ९८५८७५११५२ |
| ७ | स्वास्थ्य कार्यालय/जिल्ला अस्पताल | आपतकालिन स्वास्थ्य तथा पोषण | योगेश प्रसाद भट्ट, डा.बसन्त राज जोशी | ०९५-५२०१५१, ९८५८७७६६६४ ९८५८७७५०३१ |
| ८ | कृषि ज्ञान केन्द्र | खाद्यान्न जिविकोपार्जन | दिल बहादुर सिंह | ०९५-५२०१५४, ९८५८७५११५४ |
| ९ | शिक्षा विकास तथा समन्वय इकाइ | आपतकालिन शिक्षा | नरेन्द्र प्रसाद अवस्थी | ०९५-५२०३९९ |
| १० | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय नं १ | खानेपानी सरसफाई | कृष्ण बहादुर बोकटी | ०९५-५२०१५० |
| ११ | नेपाल रेडक्रस सोसाइटी | आवास तथा गैरखाद्य सामग्री | भीम दत पाण्डेय<br><br>रमेश सिंह भण्डारी | ०९५-५२०३५६ ९८४७५६६२१० ९८४८८४५३०५ |

| क्र.स | संस्थाको नाम | बिषयगत कार्यक्षेत्र | सम्पर्क व्यक्ति | सम्पर्क नं, इमेल, मोबाईल |
|---|---|---|---|---|
| १२ | नेपाल पत्रकार महासंघ | खोज, प्रचारप्रसार | प्रेमसिंह भाट<br>नरी बडु | ९८४८९०३४२९ |
| १३ | सयुक्त राष्ट्र जनसंख्या कोष (UNFPA) | संरक्षण, किशोरकिशोरी प्रजनन् स्वास्थ्य अधिकार | गणेश शाही | ९८५८७५२०८९<br>०९५-५२०५४५<br>९८०१२४७८६४ |
| १४ | महिला सुरक्षित आवास गृह (सेफ हाउस) | संरक्षण, महिला किशोरकिशोरी प्रजनन् स्वास्थ्य अधिकार | डम्मरी भट्ट | ९८४८८०१६०५ |
| १५ | नेपाल टेलिकम | सूचना तथा संचार | सुरेन्द्र कार्की | ०९५-५२०१२२<br>९८५८४२२२२१ |
| १६ | साडा, बैतडी | स्वास्थ्य पोषण तथा खाद्य सुरक्षा | कृष्ण सिह ठगुन्ना<br>दिनेश सिह कठायत | ०९५-५२०३९५<br>९८५११२१०६१<br>९८४८८००६०३ |
| १७ | रुडेस बैतडी | खानेपानी तथा सरसफाई | गोविन्द राज जोशी | ९८४८८३६४९९ |
| १८ | विश्व खाद्य कार्यक्रम | खाद्य, पोषण | विनोद भट्ट | ९८४१७९५९३१ |
| १९ | पूर्वाधार विकास कार्यालय | पूर्वाधार निर्माण | जगत प्रकाश जोशी | ०९५-५२००६२ |
| २० | सहरी विकास तथा भवन डिभिजन कार्यालय | पूर्वाधार निर्माण | लाल बहादुर विष्ट | ०९५-५२०१४५ |
| २१ | बृहत जलाधार व्यवस्थापन केन्द्र महाकाली पाटन | महाकाली जलाधार क्षेत्र व्यवस्थापन | दामोदर ऐर | ०९५-४००००४<br>९८६४४७८००७ |
| २२ | उद्योग वाणिज्य संघ | खाद्य व्यवस्थापन | नरबहादुर चन्द | ०९५-५२०२३२ |
| २३ | गैर सरकारी संस्था महासंघ | समन्वय तथा सहकार्य | गोविन्द राज जोशी,<br>पदम राज अवस्थी | ९८४८८३६४९९<br>९८४८८३२५५५ |
| २४ | सामाजिक विकास कार्यालय | संरक्षण | शंकर दत्त जोशी | ९८४८८४५१३४ |

## ५. प्रकोप जोखिम विश्लेषण

### ५.१ बैतडी जिल्लाको प्रकोपको इतिहास

| बर्ष | विपद् | स्थान | क्षतिको विवरण |
|---|---|---|---|
| २०६२ साल देखि २०६९ साल सम्म | बाढी | विजयपुर, बुरौसे, नैर, दोवाटा, मटे | गोफाकेदार निम्नमाध्यमिक बिद्यालय जोखिममा, २७ रोपनी खेती योग्य जमिन पुर्णरुपमा क्षति, २ पानी घट्ट बगाएको, १ लाख ८० हजार सम्मको वालीनालीको क्षती । |
| २०५८ साल | पहिरो | विजयपुर मल्लागाउँ | १५ रोपनी जमीन बगाएको २ घरपरिवार उच्च जोखिममा रहेको |
| २०६४ | पहिरो | कटौजपानी, बडिया | पहिरोले २ पसल १ घर भत्काएको (लोकेन्द्र बिष्ट, केशव |

| बर्ष | विपद् | स्थान | क्षतिको विवरण |
|---|---|---|---|
| साल | | | भाट, गणेश दमाईको ) |
| २०६३साल | पहिरो | कटौजपानी, कालापानी | १ महिलाको मृत्यु, २५ रोपनी खेतीयोग्य जमीन नष्ट, ४ परिवार विस्थापित |
| २०५७ साल | बाढी | सित्तड, गोयलागाउँ | बौलेगाडमा आएको बाढीले २५० परिवारको १०० रोपनी जमीन कटान गरेको |
| २०५७साल | पहिरो | सित्तड, कोसेरा,गाँजरी र चम्तडी | पहिरोले १५०० रोपनी जमीन बगाएको |
| २०६४ साल | पहिरो | सित्तड, पञ्ज्यूनयाँ | १८ घरपरिवार विस्थापित,विद्यालय भवन नष्ट,सिंचाइ कुलो नष्ट, खानेपानी मुहान नष्ट,५०० रोपनी खेतीयोग्य जमीन नष्ट, जमाडी नदीमा निर्माणाधिन पुल बगाएको |
| २०६९ साल | बाढी | सित्तड, डोल | सनगाड खोलामा आएको बाढीले २०० रोपनी जमीन बगाएको,१ पानी घटट् र ४ पसल बगाएको |
| २०४४ साल | महामारी | सित्तड, गोयलागाउँ | झाडापखलाका कारण २ जनाको मृत्यु, सैयौं प्रभावित |
| २०४४ साल २०४६ | पहिरो | डिलाशैनी ६ बाँगाबगर, सौनगाउँ | ११ वटा घर पुरीएर नष्ट,४० रोपनी खेतियोग्य जमिनमा क्षती, ७ बाख्रा र २ भैसीं मृत्यु भएको<br>२१ घर १ विद्यालय भवन र ९० रोपनी जमिनमा क्षती । |
| २०७० साल | पहिरो | तत्कालीन सिद्धेश्वर गा.वि.स. | पहिरोले ५ जनाको मृत्यु, १६ जनावरको मृत्यु, ५ घर नष्ट र रु. ६,१६,३२,४५८ वरावरको क्षति |
| २०७० साल | आगलागी | महादेवस्थान | आगलागीले रु. १२,२०,०० को क्षति |
| २०७० साल | चट्याङ्ग | तत्कालीन सकार गाविस ३ | चट्याङ्गबाट ३ जना घाइते र १ जनावर मृत्य |
| २०७१ साल | चट्याङ्ग | तत्कालीन सित्तड गा.वि.स. | कार्यालयमा चट्याङ ३ जना घाइते |
| २०७३ साल | बाढी पहिरो | रुद्रेश्वर, बैतडी | १ जनाको मृत्यु, ३ परिवार प्रभावित |
| २०७३ साल | आगलागी | भौनेली, बैतडी | आगलागीले १ घर नष्ट |
| २०७३ साल | बाढी पहिरो | मल्हादेही, बैतडी | १ जना बेपत्ता |
| २०७४ साल | चट्याङ्ग | द.न.पा. २ | चार वटा घरमा क्षती, सिलाई सेन्टरमा क्षती, ३ जना घाइते, र पशु चौपायाको क्षती |
| २०७४ साल | बाढी पहिरो | द.न.पा. ४ | पाँचवटा घरमा क्षती, शौचालय र खानेपानीका धारामा क्षती |
| २०७७ | पहिरो | डिलासैनि गा.पा. ५ र ६ सौनगाउँ | आठवटा घरमा क्षती, जसमा ३३ जना नजिकको विद्यालय र आफन्तहरुको घरमा अस्थायी बसोबास गरिरहेका । |
| २०७७ ,०७८ | कोभिड १९ | बैतडी जिल्लाभरि | पिसिआर परिक्षणबाट संक्रमण पुष्टि भएका २०७६ जना रहेका छन् । त्यसमा १४ जनाको मृत्यु भएको र १२२ जना आईसुलेसनमा रहेका छन् । (मिति २०७८।०२।११ गते जिल्ला स्वास्थ्य कार्यालयको तथ्यांकबाट) |

| बर्ष | विपद् | स्थान | क्षतिको विवरण |
|---|---|---|---|
| २०७७, ०७८ | सडक दुर्घटना | बैतडी जिल्लाको खोडपे, बाराकोट, पंचेश्वर र मेलौलीमा | जम्मा २२ जनाको मृत्यु भएको, ४६ जना घाईते भएका, जसमा नेपाल प्रहरी र स्थानिय समुदायहरुको सक्रियतामा खोज तथा उद्धारको कार्य गरिएको । |
| | | | |

### ५.२ प्रकोप जोखिम विश्लेषण

जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्दा प्रकोपहरुको विश्लेषण र स्तरीकरण गर्दा नेपाल सरकारको नीति निर्देशन बमोजिम बैतडी जिल्लालाई भूकम्पीय जोखिमको हिसावले उच्च जोखिममा रहेको हुनाले स्तरीकरण तालिकामा समावेश गरिएको छैन । अन्य प्रकोपहरुको सन्दर्भमा स्थानीय तहहरुले निर्माण गरेका विपद् सम्बन्धी ऐन, स्थानीय विपद् तथा जलवायू उत्थानशील योजना, कोष व्यवस्थापन योजना र उनीहरुले प्रदान गर्दै आएका राहत मापदण्डका आधारमा प्रकोपहरुको स्तरीकण गर्ने प्रयास गरिएको छ ।

- कोरोना संक्रमण फैलिन नदिन Action unit team गठन तथा परिचालन गर्ने, सामुदायिक स्वयंसेवकहरुको परिचालन गर्ने साथै अन्य कार्यहरु निर्देशिका बमोजिम गर्ने ।
- जिल्ला आपतकालिन कार्यसंचालन केन्द्रलाई व्ययस्थीत गर्ने ।
- आपतकालिन कोषको व्यवस्था गर्ने र अनिवार्य रुपमा बजेटको विनियोजित गर्दै जाने र ठुला स्तरको विपद् प्रतिकार्यका लागी जिल्ला स्तरीय कोषको व्यवस्थापन गरि जिल्ला भरिनै आवश्यकता अनुसार परिचालन गर्ने ।
- विद्यालय स्तरमा भूकम्पीय तथा विपद्जोखिम न्यूनिकरण शिक्षा समावेश गर्नु पर्ने
- विपद् सूचना केन्द्रको व्यवस्था

## ११. विपद्को प्रकृतिमा आधारित क्षेत्रगत प्रतिकार्य योजना :

### ११.१ समन्वय तथा सूचना व्यवस्थापन क्षेत्र

- समन्वय बैठक विपद् आएको पहिलो हप्तामा १ दिन बिराएर र दोस्रो हप्ताबाट हप्तामा एकदिन बैठक बस्ने ।
- समन्वय बैठक र प्रतिवेदनका बारेमा जानकारी गराउने ।
- जोखिममा परेका समूह तथा जनसंख्यालाई न्यायोचित रूपमा उद्धार तथा राहत सामग्रीको वितरण तथा सहयोग गर्ने ।
- अवस्था तथा आवश्यकताको आधारमा रहेर–मिरा (MIRA) टीम गढन, क्षमता विकास र परिचालन गर्ने ।
- पहिलो हप्तामा परिस्थितिका बारेमा दिनदिनै प्रतिवेदन तयार गर्ने । क्रमशः आवश्यकता अनुसार हरेक २ दिन तथा साप्ताहिक रुपमा निरन्तरता दिने ।
- २४ घण्टाभित्र सञ्चार माध्यममा समाचार पठाउने र पहिलो हप्तामा हरेक दिन समाचार पठाउने ।
- प्रदेश विपद् व्यवस्थापन समितिसंग समन्वय गर्दै आवश्यक कार्य गर्ने ।
- समन्वय तथा शिविर व्यवस्थापनको अनुगमन गर्ने, प्रतिवेदन तयार गरी सबैलाई जानकारी गराउने ।
- प्राप्त स्रोतको वितरण तथा व्यवस्थापनमा आपतकालिन बन्दोवस्ती (Logistic Support) को व्यवस्थापन गरी प्रभावित क्षेत्रमा आवश्यक समाग्रीहरु पुऱ्याउने ।
- गाउँपालिका, नगरपालिका तथा प्रदेश स्तरीय विपद् व्यवस्थापन समिति संग समन्वय गरी कार्य गर्ने ।

**मुख्य विपद्को किसिमः** कोभिड-१९, बाढी, पहिरो, महामारी, भूकम्प, आगलागी, जैविक प्रकोप (बाली तथा पशुरोग), असिना, हिमपात, हावाहुरी चट्याङ, जंगली जनावरको आंतक र सुख्खा खडेरी ।

**क्षेत्रगत उद्देश्यः** सूचना प्रवाहका वैकल्पिक उपायहरु पहिचान गर्ने तथा सूचनाहरुलाई विश्लेषण गरी सम्बन्धित क्षेत्रहरुमा उपलब्ध गराई सहयोग सुनिश्चित गर्ने ।

**योजनाको समष्टिगत उद्देश्य :**

- जिल्ला तथा नगरपालिका/गाउँपालिका तहमा सूचना तथा समन्वय समिति गठन गर्ने ।
- तीन देखि पाँच दिन भित्र बहु क्षेत्रिय प्रारम्भिक द्रुत लेखाजोखा (Multi-Cluster InitialRapid Assessement, MIRA) गरी क्षति र पीडितहरुको विवरण तयार गर्ने ।
- सूचना प्रवाहको वैकल्पिक उपायहरु पहिचान गरी सूचना प्रवाह सुनिश्चित गर्ने ।
- प्राप्त सूचनालाई विश्लेषण गरी सम्बन्धित क्षेत्रहरुलाई उपलब्ध गराउने ।

- समन्वय बैठक बाढी आएको बेला २४ घण्टा भित्र, पहिलो हप्तामा १ दिन बिराएर र दोस्रो हप्ताबाट हप्तामा एकदिन बैठक बस्ने ।
- नियमित रुपमा अनुगमन गरी सम्वन्धित क्षेत्रहरुलाई पृष्ठपोषण गर्ने ।
- स्थानीय तहका स्वास्थ्य शाखाहरुले क्वारेन्टीनको अवस्था, कोभिड परिक्षणको अवस्थाका बारेमा दैनिक रुपमा प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्ने ।

**समन्वय तथा सूचना व्यवस्थापन क्षेत्रको प्रतिकार्य योजना**

| विपद्को घटना पश्चात्को अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यकालागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| **पहिलो दिन दोस्रो दिन** | जिल्ला विपद् व्यवस्थापन समितिको समन्वय बैठक आयोजना गर्ने<br>▪ जानकारीको संकलन र परिस्थितिको अद्यावधिक गर्ने<br>▪ सबै क्षेत्र (Cluster) लाई सक्रिय पार्ने र सबै क्षेत्र (Cluster) लाई कार्य जिम्मेवारी सुम्पने<br>▪ आवश्यकता अनुसार आपतकालिन सहयोगको लागि मानवीय सहायोगमा कार्यगर्ने विभिन्न पक्ष वा निकायसंग अनुरोध गर्ने | आपतकालिन कार्य संचालन केन्द्र जिल्ला तथा पालिका स्तरमा संचालन गर्ने । | बजेटको व्यवस्थापन | जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद व्यवस्थापन समिती । | |
| | सर्वेक्षण टोली परिचालन IRA टीम परिचालन गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति तथा नेपाल रेडक्रस सोसाइटी संग समन्वय गरी सर्वेक्षण टोलीको सम्पर्क विवरण अद्यावधिक गर्ने | भौगोलिक एवं प्राविधिक कठिनाई पर्न सक्ने | जिल्ला प्रशासन, जिल्ला समन्वय समिति, नेपाल प्रहरी र रेडक्रस | |
| | सूचना डेस्क निमार्ण गर्ने | स्थानीय तहका सम्पर्क व्यक्तिको विवरण अद्यावधिक गर्ने | | जि.प्रशासन, जिल्ला समन्वय समिति र नेपाल प्रहरी | |
| | स्थानीय स्रोत र साधनको समीक्षा गर्ने | प्रत्येक क्षेत्रसंग उपलब्ध स्थानीय स्रोत र साधनको यकिन गर्ने | स्रोत साधनको अपर्याप्तता | जिल्ला विपद् व्यवस्थापन समिति | |

| विपद्को घटना पश्चात्को अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यकालागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| | प्रकोप प्रभावितको लागि राहत वितरण | | वास्तविक प्रभावितको पहिचानमा कठिनाई | जिल्ला विपद् व्यवस्थापन समिति | |
| **पहिलो हप्ता** | MIRA सर्वेक्षण टोली परिचालन गर्ने | अन्य क्षेत्रसंग समन्वय गरेर MIRA अभिमुखिकरण गर्ने | MIRA अभिमुखिकरण गर्ने दक्ष जनशक्तिको अभाव | जिल्ला विपद् व्यवस्थापन समिति | |
| | सर्वेक्षणका आधारमा कार्य योजना तयार गरी कार्यान्वियन गर्ने | सुरक्षित स्थानको नक्साङ्कन गोदामको नक्साङ्कन | स्रोत साधन एवं भण्डारणको पर्याप्त व्यवस्थापन नहुन | नेपाल रेडक्रस, विषयगत कार्यालयहरु | |
| **पहिलो महिना** | विपद्बाट विस्थापित र घाइतेहरुलाई परिचय पत्र वितरण | परिचय पत्रको छपाई | वास्तविक प्रभावितको पहिचानमा कठिनाई | जिल्ला विपद् व्यवस्थापन समिति | ५० हजार |
| **दोस्रो महिना** | संकलित तथ्याङ्क विश्लेषण र सम्प्रेषण गर्ने | तथ्याङ्क विश्लेषणको अभिमुखिकरण | स्रोत व्यक्ति, सही तथ्याङ्कको अभाव | जिल्ला विपद् व्यवस्थापन समिति | |
| **तेस्रो महिना** | प्रभावितहरुको सुरक्षित पुनर्स्थापनाको लागि कार्ययोजना तयार गरी कार्यान्वियन गर्ने | दिर्घकालीन सुरक्षित स्थानको पहिचान | पहिचान पुनर्स्थापना तथा पुनर्निर्माण रणनीति | जिल्ला विपद् व्यवस्थापन समिति को नेतृत्वमा जिल्ला समन्वय समिति, जिप्रका, सुरक्षा निकाय एव नेपाल रेडक्रस सोसाइटी र खानी तथा भूगर्व विभाग | |

## ११.२ खोजतलास तथा उद्धार क्षेत्र

मानवीय सहयोगका मापदण्ड

- प्रकोपको लगत्तै उपकरण सहित खोज तथा उद्धार (SAR)टोली खटाउने ।

- जोखिममा परेका समूह तथा जनसंख्यालाई न्यायोचित रूपमा यथासक्य चाँडोखोज तथा उद्धार गरी सहयोग गर्ने ।
- धन तथा जनको सुरक्षा गरी सुरक्षित जीवनको प्रत्याभूत गराउने ।
- अन्य क्षेत्रसंग समन्वय गरी राहत सामग्री वितरणमा सहयोग गर्ने ।
- घाइते, अशक्त, असहाय, बालबालिका, महिला तथा वृद्ध वृद्धा लाई प्राथमिकताका साथ सुरक्षित स्थानान्तरण गर्ने ।

**मुख्य विपद्को किसिमः** कोभिड-१९, बाढी, पहिरो, महामारी, भूकम्प, आगलागी, जैविक प्रकोप (बाली तथा पशुरोग), असिना, हिमपात, हावाहुरी चट्याङ, जंगली जनावरको आंतक र सुख्खा खडेरी ।

**क्षेत्रगत उद्देश्यः** विपद् प्रभावितहरुको जनधनको खोज तथा उद्धार गरी सहज तरिकाले सुरक्षित स्थान सम्म पुऱ्याउने ।

**योजनाको समष्टिगत उद्देश्यः**

- विना भेदभाव विपद् प्रभावितहरुलाई उद्धार गरी सुरक्षित तवरले राख्नु ।
- विपद्मा परेकाहरुलाई उद्धारका लागि खोजी गर्नु ।
- प्रभावितहरुको तत्काल जीवन बचाउनु ।
- सम्भावित मानवीय क्षति कम गर्नु ।
- सुरक्षित स्थानको खोजी गर्नु ।

**खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना**

| विपद्को घटना पश्चात् को अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्वोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्वोधन गर्न खाडलको पहिचान | सम्वोधन गर्न खाडलको पहिचान मुख्य जिम्मेवार निकाय | प्रत्येक पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| **पहिलो दिन** | खोज तथा उद्धार क्षेत्रको आपतकालिन समन्वय बैठक आयोजना गर्ने<br>▪ विपद्जन्य स्थलतर्फ खोजतलास तथा उद्धार टोली परिचालन गर्ने<br>▪ प्रभावित स्थलको पहिचानर प्राथमिकता निर्धारण गर्ने<br>▪ स्थानीय तहसंग समन्वय गरी खोज तथा उद्धारगर्ने<br>▪ सम्बन्धित अन्य निकाय संग समन्वय गर्ने | आपतकालिन नं १००, खोज तथा उद्धार सामग्रीको पूर्व भण्डारण गर्ने, जिल्ला विपद् व्यवस्थापन समिति मा आपतकालिन कोष खडा गर्ने स्थानीय स्तरमा खोज तथा उपलब्ध उद्धार सामग्रीको बिवरण राख्ने | ▪ आवश्यकमात्रा मा खोजतलास तथा उद्धार सामग्री नहुनु,<br>▪ सूचना प्रवाहमा ढिलाइ,<br>▪ भौगोलिक विकटताको कारण समयमै घटना स्थलमा पुग्न कठिनाइ | जिल्ला विपद् व्यवस्थापन समिति खोजतलास तथा उद्धार क्षेत्र तथामानवीय सहयोगी संस्थाहरु र सुरक्षा निकाय एवम रेडक्रस | प्रकोप अनुसार लागत थप हुनसक्ने जिविव्यस को कोष स्थापना गर्ने र त्यहाँबाट खर्च व्यवस्थापन गर्ने |
| | तत्काल प्रकोप न्यूनिकरण गर्ने उपाय | तालिम प्राप्त जनशक्ति तयार | | खोजतलास तथा उद्धार | |

| | | | | | |
|---|---|---|---|---|---|
| | अवलम्बन गर्ने | पार्ने (तालिम तथा पूर्व अभ्यास गर्ने) | | क्षेत्र | |
| **दोस्रो दिन** | महत्वपूर्ण आवश्यक स्रोत/साधानको उपलब्धता यकिन गर्ने र आवश्यक सहयोगको माग गर्ने | आवश्यक सामग्रीको पूर्व भण्डारण गर्ने | स्रोत साधनको अपर्याप्तता | जिल्ला विपद् व्यवस्थापन समिति | |
| **पहिलो हप्ता** | प्रभावितहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने | सुरक्षित स्थानको पहिचान गरी राख्ने | | जिल्ला विपद् व्यवस्थापन समिति | |
| | राहत सामग्री वितरण कार्यमा सहयोग गर्ने | आवश्यक राहत सामग्रीको पूर्व भण्डारण गर्ने | | जिल्ला विपद् व्यवस्थापन समिति र रेडक्रस | |
| **पहिलो महिना** | विस्थापित शिविरमा शान्ति सुरक्षा कायम गर्ने | | | सुरक्षानिकाय र संरक्षण कलस्टर | |
| **दोस्रो महिना** | प्रभावितहरुलाई पुनः निर्माण एवं पुर्नःस्थापना गर्न सहयोग गर्ने | सरोकारवाला निकायहरु संग समन्वय गर्ने | स्रोत साधनको कमी | क्षेत्रगत सवै निकाय | प्रकोप र क्षतिको प्रकृति अनुसार निर्धारण हुने |
| **तेस्रो महिना** | प्रभावितहरुलाई पुर्नःस्थापना गरी टोली फिर्ता हुने | | | क्षेत्रगत सवै निकाय | |

**११.३ खाद्य सुरक्षा एवम् पोषण क्षेत्र**

**मानवीय सहयोगका मापदण्ड प्रभावित व्यक्तिहरूको पहुँच निम्न वस्तुमा हुनेछ :**

- प्रतिव्यक्ति प्रतिदिन न्युनतम २१०० किलो क्यालोरी प्राप्त हुनेगरी सामान्य खाद्यान्नको रासन (Ration)
- प्रभावित मानिसहरूका लागि हाल विद्यमान तथा उपलब्ध भएका र पहुँच योग्य खाद्य पदार्थमा परिपूरक (Complementary)को रूपमा एक अथवा दुई खाद्य पदार्थहरु पूरक रासनको रूपमा उपलब्ध गराउने
- निश्चित समूहका व्यक्तिहरूका (साना केटाकेटी, एच्आईभी भएका व्यक्ति, जेष्ठ नागरीक, कुपोषित व्यक्तिहरू आदि) आवश्यकतालाई पूरा गर्नका लागि सामान्य रासनका अतिरिक्त परिपूरक रासनको व्यवस्था

**स्फेयरमा मापदण्ड बमोजिम उपलब्ध खाद्य सामग्री**

चामल प्रतिदिन प्रतिव्यक्ति ४१० ग्राम, दाल–प्रतिदिन प्रतिव्यक्ति ६० ग्राम वनस्पति, तेल–प्रतिदिन प्रतिव्यक्ति २५ मिलि, नुन–प्रतिदिन प्रतिव्यक्ति ३ ग्राम चामल तथा नुडल १०० घरधुरीका लागि उपलव्ध खाद्य सामग्री स्थानीय परिस्थिति बमोजिम खाद्यान्न वितरणको आकार निर्धारित गरिनेुपर्दछ तर पनि सुरुमा घरायसी स्तरमा गरिने वितरण र अन्तिम लेखाजोखाबाट प्राप्त तथ्याङ्कको आधारमा वितरण गरिनेुपर्दछ ।

**मुख्य विपद्को किसि** कोभिड-१९, बाढी, पहिरो, महामारी, भूकम्प, आगलागी, जैविक प्रकोप (बाली तथा पशुरोग), असिना, हावाहुरी चट्याङ, जंगली जनावरको आंतक र सुख्खा खडेरी ।

**उद्देश्यः** जीवन रक्षा सम्बन्धी रणनीतिहरू (Survival strategies) का लागि आवश्यकताको पूर्ति गर्नका निमित्त खाद्य सम्बन्धी पर्याप्त स्रोतहरू उपलब्ध गराउने ।

**योजनाको समष्टिगत उद्देश्यः** प्रभावित व्यक्तिहरूका लागि समयमा नै खाद्यान्नको उपलब्धता तथा खाद्यान्नमा पहुँच सुनिश्चित गराएर जीवन बचाउने एवम् जीवनलाई निरन्तरता प्रदान गर्ने ।

**खाद्य सुरक्षा क्षेत्रको प्रतिकार्य योजना**

| विपद्को घटना पश्चात् को अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| **पहिलो दिन** | खाद्य क्षेत्रको समन्वय बैठकको आयोजना<br>▪ जिविव्यसको बैठकमा सहभागी<br>▪ जानकारी संकलन गर्ने<br>▪ परिस्थिति विश्लेषण<br>▪ तयारी खाना वितरणका लागि कार्ययोजना तयार गर्ने | आपतकालिन योजना अद्यावधिक गर्ने | मानवीय र भौतिक स्रोतको कमी | गाउँपालिका तथा नगरपालिका, जिल्ला कृषि ज्ञान केन्द्र, उद्योग वाणिज्य संघ, नेपाल रेडक्रस सोसाइटी | |
| | सम्बन्धित गापा/नपाको कृषि शाखाबाट क्षतिबारे जानकारी लिने | गाउँपालीका, नगरपालिकाकृषि शाखाहरुको सम्पर्क बिवरण अद्यावधिक गर्ने | जनशक्तिको कमी | जिल्ला कृषि ज्ञान केन्द्र गाउँपालिका तथा नगरपालिका | |
| | विस्थापितहरुको लागि पहिलो ७ दिनसम्मको लागि तयारी खाना वितरण गर्ने (चाउचाउ, चिउरा, भुजा, विस्कुट, भेली, नुन) | आवश्यक तयारी खाद्य सामग्रीको पूर्व भण्डारण खाद्य सामग्री विक्रीकर्ताको नक्साङ्कन | उपयुक्त गोदाम नहुन | गाउँपालिका तथा नगरपालिका,उद्य ोग वाणिज्य संघ | |
| **दोस्रो दिन** | स्थानीय स्रोत र साधनको समीक्षा गर्ने | प्रत्येक क्षेत्रसंग उपलब्ध स्थानीय स्रोत र साधनको नक्साङ्कन गर्ने | | जिल्ला विपद् व्यवस्थापन समिति, गाउँपालिका तथा नगरपालिका | |
| **पहिलो हप्ता** | MIRAसर्वेक्षण टोली परिचालन, आवश्यक पर्ने खाद्य सामग्रीको व्यवस्था र भण्डारण गर्ने | अन्य क्षेत्रसंग समन्वय गरेर MIRAतालिम आयोजना गर्ने, गोदाम तथा वितरण केन्द्रहरुको नक्साङ्कन | | जिल्ला विपद् व्यवस्थापन समिति, उद्योग वाणिज्य संघ | |

| विपद्को घटना पश्चात् को अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| पहिलो महिना | मापदण्डमा उल्लेख भए अनुसार खाद्य सामग्री वितरण गर्ने (चामल, दाल, तेल, नुन, मसला) | प्रभावित व्यक्तिहरुको पहिचान गरी वितरण व्यवस्था मिलाउने | | उद्योग वाणिज्य संघ | |
| | स्वास्थ्य तथा पोषण क्षेत्रसंग समन्वय गरी ६ महिनादेखि ५ वर्षमुनिका बालबालिका, वृद्धवृद्धा, गर्भवती र सुत्केरी महिलालाई पौष्टिक आहार वितरण गर्ने | आवश्यक सामग्री जुटाउन | | जिल्ला विपद् व्यवस्थापन समिति, गाउँपालिका ,नगरपालिका र विभिन्न क्षेत्रहरु) | |

**खाद्य क्षेत्रका लागि चाहिने अनुमानित बजेट निम्न अनुसार छुट्याइएको छ**

| क्र.सं. | गतिविधि | इकाइ | परिमाण | दर रु. | जम्मा रु. |
|---|---|---|---|---|---|
| १ | समन्वय बैठकको आयोजना | पटक | आवस्यकता अनुसार | | |
| २ | खाद्य सामग्री भण्डारणका लागि उचित स्थानको व्यवस्था | महिना | आवस्यकता अनुसार | | |
| ३ | खाद्य सामग्री ढुवानीका लागि गाडीको व्यवस्थापन | पटक | आवस्यकता अनुसार | | |
| ४ | **मानवीय सहयोगका लागि आपतकालिन आवश्यक पर्ने खाद्य सामग्री** | | | | |
| ४.१ | दालमोठ (प्रतिदिन प्रति व्यक्ति २ प्याकेटका दरले | प्याकेट | २०००० | | कोभिड सहित |
| ४.२ | चिउरा (प्रतिदिन प्रति व्यक्ति ३०० ग्रामका दरले | कि.ग्रा. | ८४,००० | | |
| ४.३ | भुजा प्रतिदिन प्रति व्यक्ति १०० ग्रामका दरले | कि.ग्रा | २८,००० | | |
| ४.४ | बिस्कुट (प्रतिदिन प्रति व्यक्ति १ प्याकेटका दरले) | प्याकेट | २४,००० | | |
| ४.५ | चिनी (प्रतिदिन प्रति व्यक्ति २५ ग्रामका दरले) | कि.ग्रा. | १७५० | | |
| ४.६ | नुन(प्रतिदिन प्रति व्यक्ति ३ ग्रामकादरले) | कि.ग्रा. | ७० | | |
| ५ | **मानवीय सहयोगका लागि आवश्यक पर्ने खाद्य सामग्रीको व्यवस्थापन -विस्थापित २०००० जनाको लागि २ हप्तासम्म (कोभिड कारण)** | | | | |
| ५.१ | चामल(प्रतिदिन प्रति व्यक्ति ४१० ग्राम ) | क्वीन्टल | ११४८ | | **कोभिड** |
| ५.२ | दाल (प्रति दिन प्रति व्यक्ति ६० ग्राम | क्वीन्टल | १६८० | | |
| ५.३ | तेल (प्रति दिन प्रति व्यक्ति २५ मिलि) | लिटर | ७००० | | |
| ५.४ | नुन (प्रति दिन प्रति व्यक्ति ३ ग्राम) | क्वीन्टल | ८.४० | | |
| ५.५ | मसाला प्रति दिन प्रति व्यक्ति ३ ग्राम | क्वीन्टल | ८.४० | | |
| ५.६ | वितरकको लागि पारिश्रमिक (१ महिना) | जना | स्थानीय पालिकाको नियमानुसार | | |
| ५.७ | तरकारी | कि.ग्रा. | ११२००० | | |

## ११.४ गैरखाद्य सामग्री तथा आपतकालिन आवास

**मानवीय सहयोगका मापदण्ड**

- औसतमा एक व्यक्तिका लागि ३.५-४.५ वर्ग मिटरको छाना भएको क्षेत्र उपलब्ध गराउने, औसतमा ५ सदस्यहरूको एक परिवारका लागि कम्तीमा पनि ४×५ मिटरको डोरी सहितको प्लास्टिक सिट र साहायता सामग्री उपलब्ध हुनेछ ।
- कम्बलमा मानिसहरूको पर्याप्त पहुँच हुनेछ ।
- दुई वर्ष सम्मका बालबालिकाहरूका लागि कम्तिमा पनि एक पूरा सेट कपडा हुनेछ ।
- महिला, केटी, पुरूष तथा केटाहरूको लागि कम्तिमा पनि एक पूरा सेट कपडा छ । यसका अतिरिक्त, महिला तथा केटीहरूका लागि नियमित सरसफाइ सम्बन्धी सामग्रीको आपूर्ति भएको हुनेछ ।
- मानिसहरू संग उपयुक्त घरायसी सामग्री छ, एक सेट भाँडा ।
- शिविर बन्द गर्ने र वहिर्गमन रणनीति ।
- शिविर खडा गर्नका लागि अग्रिम रूपमा जमिनको पहिचान गर्नुपर्दछ जुन जमिन सुरक्षित तथा SPHERE को मापदण्ड अनुसार हुनुपर्छ ।
- विद्यालय तथा सार्वजनिक स्थलहरूसंग अग्रिम रूपमा नै समझदारी पत्र (MoU)मा दस्तखत भएको हुनुपर्दछ ।
- शिविरका लागि योजना तर्जुमा गर्दा नै साँस्कृतिक तथा सामाजिक मूल्यहरू एवम् परिस्थितिलाई ध्यानमा राखिनु पर्दछ ।
- शिविर खडा गर्नका लागि विगतमा प्रयोग गरिएका ठाउँहरूको रेकर्ड ।
- नागरीक समाज, सरकार तथा सान्दर्भिक समूहसंगको परामर्शमा शिविरको स्थापना ।
- सुत्केरी महिला, अपाङ्गता भएका व्यक्तिहरुका लागि विषेश अस्थायी टेण्ट र अत्यावश्यक सामग्री जस्तो हाइजिन किट, न्यानो कपडा, ओड्ने कम्बल, झुलको व्यवस्था र त्यसमा उनीहरुको पहुँच हुनेछ ।

**मुख्य विपद्को किसिम** :कोभिड-१९, बाढी, पहिरो, महामारी, भूकम्प, आगलागी, जैविक प्रकोप (बाली तथा पशुरोग), असिना, हावाहुरी चट्याङ, जंगली जनावरको आंतक र सुख्खा खडेरी ।

**क्षेत्रगत उद्देश्यः**

- जलवायुका प्रतिकूल असरहरूबाट संरक्षण प्रदान गर्नका लागि मानिसहरूसंग छाना भएका पर्याप्त ठाउँ हुनेछन्।
- जलवायूबाट संरक्षण प्रदान गर्नका लागि र तिनको मर्यादा, सुरक्षा तथा कल्याण सुनिश्चित गर्नका लागि प्रभावित व्यक्तिहरूसंग पर्याप्त कम्बल एवं लुगा हुनेछन् ।
- घरायसी भाँडा-कुँडा तथा व्यक्तिगत स्वास्थ्यका लागि साबुन एवं तिनको मर्यादा तथा कल्याणका लागि औजारहरूमा परिवारहरूको पहुँच पुग्नेछ ।

**योजनाको समष्टिगत उद्देश्यः**

- **आवासः** नेपाल को संबिधान २०७२ को मैलिक हक अर्न्तगत आवासको हक हुने छ भनिएको र सोहि अनुरुप विपद् प्रभावितलाई सुरक्षित तथा आरामदायी बस्ने ठाउँको प्राप्तिका लागि भौतिक एवम् प्राथमिक सामाजिक आवश्यकताहरूमा व्यक्ति तथा परिवारहरूको पहुँच सुनिश्चित गर्ने । यथासम्भव यस प्रक्रियामा बढी भन्दा बढी आत्मनिर्भरता तथा स्व-व्यवस्थापन (Self-management) मा जोड दिइनेछ ।

- शिविर समन्वय तथा शिविर व्यवस्थापन प्राकृतिक विपद्का कारणले घरवार विहीन बनेका मानिसहरूका निमित्त स्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापित व्यक्तिहरूलाई मानव अधिकारको उपभोग गर्न सक्षम पार्नका निमित्त जीवनस्तर उठाई शिविरहरूमा सरोकारवालाहरुको जीवन स्तरमा सुधार ल्याउने ।

**गैरखाद्य सामग्री तथा आपतकालिन आवास क्षेत्रको प्रतिकार्य योजना**

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्थामा सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | प्रत्येक पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| **पहिलो दिन** | जिल्ला विव्यसको बैठकमा सहभागि cluster बैठकको समय तोक्ने, प्रदेश तथा केन्द्रिय कार्यालयलाई जानकारी आ-आफ्नो क्षेत्रबाट क्षतिको विवरणको प्रारम्भिक आँकलन संकलन गर्ने | Focal Person तोक्ने सदस्यहरुको सम्पर्क सूची तयारी गर्ने | सम्पर्क विच्छेद हुन सक्ने | नेपाल रेडक्रस सोसाइटी गाउँपालिका तथा नगरपालिका | |
| | प्रभावित क्षेत्रको निरीक्षण | द्रुत सर्वेक्षण (IRA) टोली खटाइ विवरण अद्यावधिक गर्ने | | सम्बन्धित गाउँपालिका तथा नगरपालिका | |
| **दोश्रो दिन** | खोज तथा उद्धार परिचालन NFRI व्यवस्थापन प्राथमिक उपचार, अस्थाइ आवास | आवश्यक सामग्रीको व्यवस्था | खोज तथा उद्धार सामग्री,व्यक्तिगत सुरक्षाका सामग्री | रेडक्रस गाउँपालिका तथा नगरपालिका | |
| | Cluster बैठक आपतकालिन आवासको लागि तोकिएको स्थानको अवलोकन, राहत सामग्री वितरण | आपतकालिन आश्रय स्थल नक्साङ्कन, पूर्व भण्डारण तथा संस्थाहरुको स्रोत साधन आँकलन | खानेपानी तथा चर्पीको WASH व्यवस्था ५० परिवारका लागि मात्र पूर्वभण्डार | गाउँपालिका तथा नगरपालिका जिल्ला समन्वय समिति | |
| **पहिलो हप्ता** | आपतकालिन आवास निर्माण तथा थप सामग्री व्यवस्थापन | पूर्व भण्डारण दक्ष, जनशक्ति व्यवस्थापन | | प्रदेश सरकार, जिल्ला समन्वय समिति, गापा/नपा | |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्थामा सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | प्रत्येक पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| | विस्थापित परिवारहरुको दर्ता | जनशक्तिको विवरण व्यवस्थापन | | गाउँपालिका तथा नगरपालिका, सुरक्षा निकाय | |
| | क्षेत्रगत विवरण तथा आवश्यकता पहिचान | दक्ष जनशक्ति अद्यावधिक गर्ने | | गाउँपालिका तथा नगरपालिका क्षेत्रगत सदस्यहरु | |
| | आपतकालिन आवासमा रहेका विस्थापित परिवारहरुलाई NFRI वितरण | पूर्वभण्डारण | ५० परिवारका लागि मात्रै पूर्व भण्डारण | गाउँपालिका तथा नगरपालिका सुरक्षा निकाय | |
| **पहिलो महिना** | पहिलो हप्ता गरिएको कार्यलाई निरन्तरता | माथि लेखिए अनुसार | माथि लेखिएको अनुसार | माथि लेखिए अनुसार | |
| | फर्केका विस्थापित परिवारहरुको विवरण संकलन (बाढीको हकमा) | विवरण संकलन फारम छपाइ | विवरण संकलन नभएको फारम निर्माण नभएका | गाउँपालिका तथा नगरपालिका | |

**आवास तथा गैर खाद्य सामग्री क्षेत्रको लागि आवश्यक सामग्री र अनुमानित बजेट (१०० परिवारका लागि नियमित र ४०० हजार परिवार का लागी कोभिड प्रतिकार्यका लागी )**

| क्र.सं. | गतिविधि | इकाइ | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| १ | समन्वय बैठक | पटक | ८ | | |
| २ | गोदाम | २ महिना | २ | | |
| ३ | कर्मचारी व्यवस्थापन | महिना | १ | | |
| ४ | एन.एफ.आई. सेट खरिद | सेट | ४००० | | |
| ५ | सेल्टर | सेट | ४००० | | |
| ६ | बाँस | थान | १६०० | | |
| ७ | डोरी, किला | प्रतिघर | ४०० | | |
| ८ | घर निर्माण मजदुर | जना | ४०० | | |
| ९ | **चार्जेवल टर्च** | जना | २०० | | |
| १० | **बेड विस्तारा** | जना | २०,००० | | |

### ११.५ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्र

**मानवीय सहयोगका मापदण्ड**

- बैतडी जिल्लामा विपद्पछि पहिलो हप्तासम्म पाइपद्वारा अथवा जिल्ला, गाउँपालीका, नगरपालिकाको समन्वयमा डिभिजन खानेपानी कार्यालयसंग सम्बन्ध कायम गरी खानेपानी भण्डारण गरिने ट्याङ्की वा अन्य माध्यम द्वारा प्रभावित क्षेत्रमा प्रतिदिन प्रतिव्यक्ति न्यूनतम ५ लिटर पानी उपलब्ध गराउने र पहिलो ४ हप्ताभित्र प्रतिव्यक्ति प्रतिदिन उपलब्ध गराइने पानीको परिमाणलाई १५ लिटर पुऱ्याउने ।
- शिविरमा बस्ने विस्थापित, घर तथा व्यक्तिगत सम्पत्ति नष्ट भएका व्यक्तीहरुका लागि पानी संकलन गर्ने वाल्टिन र ३० दिन सम्मका निम्ति खानेपानी शुद्ध गर्ने चक्की, पियूष, अक्वा (tablets) अथवा वाटर गार्ड (water guard) उपलब्ध गराउने ।
- शिविरमा बसोवास गर्ने विस्थापितका लागि उपयुक्त सरसफाइ एवम् महिलाहरूका लागि नुहाउने सुविधाका निमित्त अस्थायी चर्पी हरेक १८ व्यक्तिका लागि एक चर्पी, निर्माण गर्ने ।
- शिविरमा बसोवास गर्ने प्रभावित मानिसहरूलाई जिल्ला स्वास्थ्य तथा खानेपानी कार्यालयका कर्मचारी, साझेदार गैर-सरकारी संस्था, महिला, सामुदायिक स्वास्थ्य स्वयंसेवक एवं रेडक्रसका स्वयंसेवकहरू संग मिली स्वास्थ्य सम्बन्धी किट (kits) वितरण गर्ने र स्वास्थ्य सरसफाइ प्रवर्द्धन सम्बन्धी गतिविधिहरू (पानी शुद्ध गर्ने उचित तरिका र साबुन द्वारा हात धुने क्रियाकलाप सञ्चालन गर्ने ।
- एक रूपताका लागि जिल्ला आपतकालिन योजनालाई राष्ट्रिय आपतकालिन योजनासंग मेल खाने गरी तयार पार्ने ।
- प्रति १० परिवार १ फोहर फाल्ने भाँडो (१०० लिटर) विस्थापितहरुको बसोवास अनुसार फोहोरहरु फाल्ने भाँडाको व्यवस्था गर्ने ।
- पानी जम्मा गर्ने भाँडाहरु १० देखि २० लिटरको २ वटा भाँडाहरु प्रति परिवार उपलब्ध गराउने ।
- विस्थापित क्षेत्रमा प्रति २०० परिवारमा स्वयंसेवक १ जनाका दरले परिचालन गर्ने ।

**मुख्य विपद्को किसिमः** कोभिड-१९, बाढी, पहिरो, महामारी, भूकम्प, आगलागी, जैविक प्रकोप (बाली तथा पशुरोग), असिना, हावाहुरी चट्याङ, जंगली जनावरको आंतक र सुख्खा खडेरी ।

**क्षेत्रगत उद्देश्यः** स्वच्छ, सफा र सुरक्षित खानेपानी उपलब्ध गराई खानेपानी तथा सर-सफाइसंग सम्बन्धित रोगहरू फैलन नदिई पानीजन्य रोगबाट प्रभावित परिवारलाई बचाउने ।

**योजनाको समष्टिगत उद्देश्य :**

- विस्थापित समुदायका लागि (खास गरी शिविरमा बस्ने मानिसहरूका लागि) सुरक्षित खानेपानी,स्वास्थ्य शिक्षा तथा अस्थायी रूपमा सरसफाइ एवम् नुहाउने सुविधाहरूमा पहुँच उपलब्ध छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- विस्थापित मानिसहरूलाई आधारभूत स्वास्थ्य सम्बन्धी सामग्री उपलब्ध गराइएको छ र खानेपानी, सरसफाइ तथा स्वास्थ्यसंग सम्बन्धित व्यवहारिक प्रचलनहरुका बारेमा उचितरूपमा जानकारी उपलब्ध गराइएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- सम्पूर्ण उपकरण तथा सुविधा उपलब्ध गराइएका छन् र विस्थापित मानिसहरू बस्ने शिविरहरूमा सफा-सुग्घर (Cleanliness)कायम गर्न तिनको सशक्तिकरण गरिएको छ भन्नेकुरा सुनिश्चित गर्ने ।

- कोभीड १९ महामारी भइरहंदा बैठक तथा राहत उपलब्ध गराउंदा कोभीड १९ मापदण्डको पालना अनिवार्य गर्ने उक्त मापदण्ड पालना गर्दा नभई नहुने आवश्यक सामग्री (मास्क, सेनीटाइजर, ग्लोब्ज, साबुन पानी आदिको व्यवस्था गरि संकमण फैलन नदिने

**खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना**

| विपद्को घटना पश्चात को अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| **पहिलो दिन** | WASH Cluster को बैठकको आयोजना गर्ने, सरोकारवालाहरु संग समन्वय गर्ने, सूचना संकलन तथा परस्थितिलाई अद्यावधिक गर्ने | क्षेत्रगत सदस्यहरुको सम्पर्क विवरण अद्यावधिक गर्ने | | जिल्ला तथा स्थानीय WASH Cluster | |
| **दोश्रो दिन** | स्वयंम सेवक परिचालन गर्ने | | | जिल्ला तथा स्थानीय WASH Cluster | |
| **पहिलो हप्ता** | विस्थापितहरुलाई स्वास्थ्य सरसफाइ किट वितरण गर्ने | पूर्व भण्डारण तथा स्रोत नक्साङ्कन | आवश्यक पर्ने सामग्रीको पूर्व भण्डारण नभएको | जिल्ला तथा स्थानीय WASH Cluster | |
| | जि.वि.व्य.समितिसंग समन्वय गरी MIRA सर्वेक्षणको टोली परिचालन | बहुप्रकोप सन्दर्भमा MIRA निर्माण | बहुप्रकोप सन्दर्भमा MIRA निर्माणको लागि आवश्यक जनशक्ति नभएका | | |
| | विस्थापितहरुको शिविरमा अस्थायी चर्पी, तथा खानेपानी व्यवस्था गर्ने | पूर्व भण्डारण तथा श्रोत नक्साङ्कन | आवश्यक पर्ने सामग्रीको पूर्व भण्डारण नभएका, स्रोत साधनको कमी | जिल्ला तथा स्थानीय WASH Cluster खापातथा सरसफाई डिभिजन कार्यालय | |
| | विस्थापित शिविरमा फोहर व्यवस्थापन समिति गठन गरी कार्यान्वयन गर्ने गराउने | जनशक्ति व्यवस्थापन | | जल्ला तथा स्थानीय WASH Cluster | |
| **पहिलो महिना** | प्रभावित विद्यालय, स्वास्थ्य केन्द्रमा चर्पी र पानीका धाराहरुको मर्मत गरी पानी सुचारु गर्ने | | | जिल्ला तथा स्थानीय WASH Cluster खापातथा सरसफाई डिभिजन कार्यालय | |
| | स्वास्थ्य र सरसफाइ बारे सचेतना कार्यक्रम हेल्थ क्लस्टरसंग | | | जल्ला तथा स्थानीय WASH Cluster | |

| विपद्को घटना पश्चात को अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| | समन्वय गरी गर्ने | | | | |
| **दोस्रो महिना** | Hygiene Promotion को लागि माइकिङ FM, Poster, सडक नाटक आदिबाट प्रचार प्रसार गर्ने | | | जिल्ला तथा स्थानीय WASH Cluster | |

**खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको लागि आवश्यक सामग्री तथा अनुमानित बजेट**

**प्रथम चरण : तत्काल उपलब्ध गराइने राहत सामग्रीः**

| क.सं. | सामग्री | परिमाण | दर रु | जम्मा रकम रु |
|---|---|---|---|---|
| १ | प्लास्टिक जर्किन (२० लिटर) र २ वटा जग | १००० | | |
| २ | प्लास्टिक वाल्टिन २० लिटरको विर्को समेत र २ वटा जग | १००० | | |
| ३ | लुगाधुने साबुन | १००० | | |
| ४ | नुहाउने साबुन | १००० | | |
| ५ | पानी शुद्धिकरण गर्ने सामग्री | १०,००० | | |
| ६ | Hygiene Kits | १००० | | |
| ७ | Sanitary Pads | १००० | | |
| ८ | साधारण खाल्डे चर्पी | १००० | | |
| ९ | धारा मर्मत | १००० | | |
| १० | सेनीटाइजर, ग्लोब्ज, मास्क | २०००० | | |
| ११ | Handwash station को स्थापना | आवश्यकता अनुसार | | |
| १२ | Wast water management | आवश्यकता अनुसार | | |

**दोश्रो चरण (सेवा सुविधा विस्तार):**

| क.सं. | सामग्री | परिमाण | दर रु | जम्मा रकम रु |
|---|---|---|---|---|
| १ | HDPE पानी ट्याङ्की १००० लिटरको आवश्यक सामग्री सहित | ५० | | |
| २ | साधारण खाल्डे चर्पी (वाटरसिल प्यान) यसको निर्माण पछि प्रथम चरणको चर्पी पुरिने छ | १००० | | |
| ३ | पानी शुद्धिकरण गर्ने सामग्री | ५००० | | |
| ४ | सरसफाइ सम्बन्धी जनचेतना कार्यक्रम | ३० | | |

## ११.६ स्वास्थ्य क्षेत्र

**मानवीय सहयोगका मापदण्ड**

- प्रारम्भिक लेखाजोखा सञ्चालन गरिएकै समयमा स्वास्थ्य निगरानी (Health surveillance) शुरु हुन्छ ।
- समुदायको तहमा रोग तथा चोटपटकको व्यवस्थापनको लागी विद्यमान स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट तत्काल उपचार एवम् थप उपचारका लागी माथिल्लो उपचार केन्द्रमा प्रेषण गरी आपतकालिन स्वास्थ्य सेवा कार्यक्रमको कार्यान्वयन गरिनेछ ।
- सिफारिस गरी पठाइने केन्द्रहरू (Referral Centres) मा पुग्नका निमित्त घाईते तथा विरामीहरुका लागि उपयुक्त यातायातको प्रवन्ध गरिनेछ ।
- घाइते तथा विरामीहरुलाई वर्गीकरण (Triage) गरिनेछ र रातो, पहेंलो, हरियो तथा कालो रङको ट्याग लगाइनेछ र सोहि अनुरुप उपचारको व्यवस्था मिलाइनेछ ।
- प्रभावितलाई आवश्यकतानुसार मनोसामाजिक परामर्श प्रदान गर्ने ।

**मुख्य विपद्को किसिम** :कोभिड-१९, बाढी, पहिरो, महामारी, भूकम्प, आगलागी, जैविक प्रकोप (बाली तथा पशुरोग), असिना, हावाहुरी चट्याङ, जंगली जनावरको आंतक र सुख्खा खडेरी ।

**क्षेत्रगत उद्देश्य:** जस्तोसुकै आपतकालिन अवस्था परेता पनि मानव जीवन सुरक्षा तथा कल्याण (Human survival and well- being) खास गरी एकदमै जोखिममा रहेका समूहको स्वास्थ्य एवं पोषण सम्बन्धी आवश्यकताहरू पूरा भएका छन् भनी सुनिश्चित गर्ने । सुरक्षित खानेपानी उपलब्ध गराई सम्बन्धित रोगहरू फैलन नदिई पानीजन्य रोगबाट प्रभावित परिवारलाई बचाउने ।

**योजनाको समष्टिगत उद्देश्य:**

**स्वास्थ्य:**

- झाडापखाला जन्य सरुवा रोग तथा अन्य पानीजन्य एवं कीटजन्य रोगहरूको पर्याप्त रोकथाम तथा उपचार क्षमता सुनिश्चित गर्नका निमित्त स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल तथा स्थानीय स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।
- द्रुत लेखाजोखा (Rapid assessment) संग एकीकृत गरी स्वास्थ्य तथा पोषण (अवस्था तथा सेवाहरू) को सर्वेक्षण क्षमतालाई सुदृढ पार्ने ।
- रोग फैलन गएका खण्डमा प्रतिकार्य तथा लेखाजोखाका लागि स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि तथा पर्याप्त अत्यावश्यक सामग्रीको आपूर्ति सुनिश्चित गरी स्वास्थ्य संस्थाहरुलाई तयारी अवस्थामा राख्ने ।
- आधारभूत स्वास्थ्य सेवाहरूमा निरन्तर पहुँच सुनिश्चित गर्न र स्वास्थ्य शिविरको सञ्चालन गर्न एवं अर्को निकायमा पठाउने संयन्त्र (Referral mechanism) को विकास गर्न स्वास्थ्य कार्यालय तथा स्थानीय तह स्वास्थ्य शाखालाई सहयोग पुऱ्याउन, पर्याप्त आपतकालिन आपूर्ति र मानव स्रोत लगायतका विषयमा शिघ्र क्षमता अभिवृद्धिका लागि स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।
- भिटामिन ए, जुकाको औषधि तथा खोप कार्यक्रमलाई नियमित रुपमा संचालन गर्न जिल्ला तथा स्थानीय तहका स्वास्थ्य संस्थाहरुलाई सहयोग गर्ने ।

**पोषण:**

- विस्थापित मानिसहरूका लागि पूरक खाना खुवाउने कार्यक्रम (Supplementary Feeding Programme - SFP) मा पहुँचको माध्यमबाट गर्भवती, सुत्केरी तथा दूध खुवाउने महिला एवम्

पाँच वर्ष मुनिका बालबालिकाहरूमा गम्भीर कुपोषणको वृद्धिलाई रोकथाम गर्न जिल्ला तथा स्थानीय तह लाई सहयोग गर्ने ।

- कडा शिघ्र कुपोषण (Severe Acute Malnutrition - SAM) को उपचार तथा सेवामा निरन्तर पहुँच सुनिश्चित गर्न स्वास्थ्य संस्थाहरुलाई सहयोग गर्ने
- निरन्तर स्तनपान प्रवर्द्धन गर्ने र आमाको दुधलाई प्रतिस्थापन गर्ने बस्तु बिक्री वितरण नियमन गर्ने ।
- जेष्ठ नागरीक तथा अपाङ्गता भएका व्यक्तिका लागि आपतकालिन पोषण व्यवस्था गर्ने ।

**स्वास्थ्य क्षेत्रको प्रतिकार्य योजना**

| विपद्को घटना पश्चात को अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| **पहिलो दिन** | ▪ परिस्थितिको विश्लेषण गर्ने<br>▪ जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिलाई प्रतिकार्य योजनाको जानकारी गराउने ।<br>▪ RRT लाई प्रतिकार्य योजनाको जानकारी दिने, भूमिका र जिम्मेवारी बाँडफाँड गर्ने, कार्यक्षेत्रको निर्धारण गर्ने<br>▪ चोटपटक उपचार, | क्षेत्रगत सदस्यहरुको सम्पर्क विवरण अद्यावधिक गर्ने | मानवीय स्रोतको कमी, छिटो र भरपर्दो सञ्चार साधनको व्यवस्था नहुनु र RRT लाई विशेष तालिम तथा अनुभव नहुनु । | स्वास्थ्य कार्यालय बैतडी तथा स्थानीय तह स्वास्थ्य शाखा | |
| **दोस्रो दिन** | स्वयंसेवक तथा RRTपरिचालन | स्वयं सेवकहरुको सूची तयार गर्ने | RRT लाई विशेष तालिम तथा अनुभव नहुनु । | स्वास्थ्य कार्यालय बैतडी र स्थानीय तह स्वास्थ्य शाखा, रेडक्रस, Health Cluster | |
| | अस्थाइ शिविरमा Health Camp सञ्चालन गर्ने | आवश्यक सामग्री पूर्व भण्डारण | पर्याप्त साधन स्रोतको कमी | स्वास्थ्य कार्यालय बैतडी र स्थानीय तह स्वास्थ्य शाखा, रेडक्रस, Health | |

| विपद्को घटना पश्चात को अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| | | | | Cluster | |
| **पहिलो हप्ता** | झाडापखाला, श्वासप्रश्वास रोग, कीटजन्य रोग, गर्भवती, सुत्केरी महिला तथा ५ वर्ष मुनिका बालबालिका, जेष्ठ नागरीक र अपाङ्गता भएका व्यक्तिहरु, र्दिघ रोगीहरुलाई नियमित/विशेष कार्यक्रम संचालन तथा प्राथमिकता दिने | आवश्यक सामग्री तथा जनशक्तिको पूर्व व्यवस्थापन | पर्याप्त साधन स्रोतको कमी | स्वा.का. बैतडी तथा स्थानीय तह स्वास्थ्य शाखा, रेडक्रस जिल्ला अस्पताल, Health Cluster | |
| **पहिलो महिना** | संरक्षण क्षेत्रसंग समन्वय गरी मनोसामाजिक विमर्श सेवा उपलब्ध गराउने | संरक्षण क्षेत्रमा संलग्न सम्पूर्ण निकायहरुको सम्पर्क सुची तयार गरी राख्ने | व्यवसायिक मनोविमर्शकर्ता को कमी | स्वा.का. बैतडी स्थानीय तह सामाजिक शाखा, तथा स्थानीय तह स्वास्थ्य शाखा Health Cluster | |
| | झाडापखाला, श्वासप्रश्वास रोग, कीटजन्य रोग, गर्भवती, सुत्केरी महिला तथा ५ वर्ष मुनिका बालबालिका, जेष्ठ नागरीक र अपाङ्गता भएका व्यक्तिहरु र्दिघ रोगीहरुलाई विशेष कार्यक्रम तथा प्राथमिकता दिने | आवश्यक सामग्री तथा जनशक्तिको पूर्व व्यवस्थापन | पर्याप्त साधन स्रोतको कमी ( दक्ष जनशक्ती, औषधि, उपकरण, यातायात आदि) | स्थानीय तह स्वास्थ्य शाखा, स्वा.का. बैतडी र स्वास्थ्य क्षेत्र अस्पताल | |
| | गाउघर क्लिनिक तथा खोप क्लिनिक नियमित संचालन गर्ने | सामग्री तथा जनशक्तिको पूर्व व्यवस्थापन | | स्वास्थ्य कार्यलय बैतडी, स्थानीय तह | |
| **दोस्रो महिना** | स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरी चेतना अभिवृद्धि गर्ने | IEC सामग्रीको प्रकासन,छपाइ, प्रशारण | | स्वास्थ्य कार्यालय, स्थानीय तह स्वास्थ्य | |

| विपद्को घटना पश्चात को अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| | | तथा व्यवस्थापन गर्ने | | शाखा र Health Cluster | |
| | खानेपानी, संरक्षण, शिक्षा क्लस्टर हरुसंग समन्वय गरी पुनर्स्थापना कार्यमा स्वास्थ्य सम्बन्धी सहयोग गर्ने | सम्बन्धित क्लस्टर सदस्यहरुको सम्पर्क सूची अद्यावधिक गरी राख्ने | | स्थानीय तह स्वास्थ्य शाखा स्वा.का बैतडी, Health Cluster | |

**११.७ शिक्षा क्षेत्र**

**मानवीय सहयोगका मापदण्ड**

- विपद् परेको पहिलो हप्ताभित्र शिक्षा सम्बन्धी सुविधा र शिक्षामा संलग्न व्यक्तिहरूका बारेमा द्रुत लेखाजोखा (Rapid Assessment)सञ्चालन गर्ने ।
- जिल्ला शिक्षा समन्वय ईकाइ तथा स्थानीय शिक्षा ईकाइ र स्थानीय क्षेत्रगत सदस्यहरू (Cluster Members) सँगको समन्वयमा तथा प्रभावित समुदाय हरूसँगको परामर्शमा प्रभावित/आन्तरिक रूपमा विस्थापित बाल-बालिकाहरूको शिक्षालाई जारी राख्नका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ पत्ता लगाउने ।
- सम्भव भएसम्म यथाशिघ्र चाँडो अर्थात् सिद्धान्ततः पहिलो दुई हप्ताभित्र, न्यूनतम मापदण्ड बमोजिम ६ देखि ८ हप्ताभित्र न्यूनतम पूर्वाधार सहित विद्यालय जाने बालबालिकाहरूका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ तथा स-साना बालबालिकाहरूका लागि सुरक्षित ठाउँ खडा गर्ने ।
- विद्यालयहरू पुनः खुला गराएर र शिक्षण-सिकाइका सामग्री उपलब्ध गराएर र अर्ध-संरचनागत (Semi- structured) मनोरञ्जनका सामग्रीको व्यवस्था मिलाएर पढाइ जारी राख्ने र शिक्षा तथा विद्यार्थीहरूको पुनः एकिकरण प्रारम्भ गर्ने ।
- विद्यालय बाहिर रहेका बाल बालिकाहरू अस्थायी रूपमा खडा गरिएका सिक्ने ठाउँमा भर्ना गरिएका छन् अथवा तिनको शिक्षाका लागि वैकल्पिक व्यवस्था गरिएको छ भन्नेकुरा सुनिश्चित गर्ने ।
- प्रभावित बाल बालिकाहरूका निमित्त नियमित शिक्षा प्रणालीमा सबलीकरण पार्दै लैजाने ।

**मुख्य विपद्को किसिम** :कोभिड-१९, बाढी, पहिरो, महामारी, भूकम्प, आगलागी, जैविक प्रकोप (बाली तथा पशुरोग), असिना, हिमपात, हावाहुरी चट्याङ, जंगली जनावरको आंतक र सुख्खा खडेरी ।

**क्षेत्रगत उद्देश्यः**

- विकास गर्न, संरक्षण प्राप्त गर्न र सामान्य अवस्था एवम् स्थायित्वमा फर्काउने कार्यको सहजीकरण गर्नका निमित्त विद्यालय जाने उमेरका तथा प्रभावित सम्पूर्ण बालबालिकाहरुको गुणस्तरीय शिक्षामा निरन्तर तथा तत्काल पहुँच सुनिश्चित गर्ने ।

- सुरक्षित सिक्ने वातावरण उपलब्ध गराएर विपद्बाट परेको मनोवैज्ञानिक असरको सामना गर्नेकार्यमा केटाकेटीहरू र शिक्षकहरूलाई मद्दत गर्न योगदान पुऱ्याउने ।

**योजनाको समष्टिगत उद्देश्यः**

- प्राकृतिक विपद्बाट प्रभावित विद्यालय जाने उमेरका केटाकेटी तथा शिक्षकहरूलाई गुणस्तरीय शिक्षाको निरन्तरता सुनिश्चित गर्नका लागि र उनीहरूलाई सुरक्षित रूपमा सिकाउने एवम् सिक्ने वातावरण उपलब्ध गराउन नेपाल सरकार तथा स्थानीय सरोकारवालाहरूले सहयोग उपलब्ध गराउने ।
- प्रभावकारी आपतकालिन पूर्वतयारी तथा प्रतिकार्यलाई सहजीकरण गर्नका निमित्त क्षेत्रगत समूहका सदस्यहरू (Cluster members) का बीचमा प्रभावकारी समन्वय, अनुगमन तथा सूचनाको आदान-प्रदान सुनिश्चित गर्ने ।
- आपतकालिन परिस्थितिमा पहिलो प्रतिकार्य उपलब्ध गराउने व्यक्तिका रूपमा (Focal person) सरोकारवालाहरूको क्षमता बढाउने ।
- द्रुत तथा चालु (Rapid and on-going) शिक्षाका लागि लेखाजोखा सञ्चालन गरिनेछ भन्ने कुरा सुनिश्चित गर्ने र आपतकालिन परिस्थितिमा रहेका केटाकेटीहरूको शिक्षाका निमित्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रमुख प्रतिवद्धताहरू र न्यूनतम मापदण्डबाट निर्देशित भएर उपयुक्त सहयोग कार्यक्रम सञ्चालन गर्ने आपतकालिन परिस्थितिमा प्रतिकार्य उपलब्ध गराउनका लागि रणनीतिक साझेदारी तथा अन्य साझेदार/क्षेत्रहरू (Cluster)संग सम्बन्ध स्थापना गरी त्यसलाई सुदृढ पार्ने ।

**शिक्षा क्षेत्रको प्रतिकार्य योजना**

| विपद्को घटना पश्चात्को अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्व तयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | प्रत्येक पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| **पहिलो दिन** | क्षेत्रको समन्वय बैठक, जिम्मेवारी बाँडफाँड, सूचना तथा जानकारी संकलन, प्रतिवेदन तयारी जस्ता विषयमा निर्णय गर्ने | क्षेत्रगत सदस्यहरुको सम्पर्क विवरण अद्यावधिक गर्ने | | शिक्षा विकास तथा समन्वय ईकाइ तथा स्थानीय शिक्षा शाखा | |
| **दोस्रो दिन** | प्रभावित विद्यार्थी एवम् शिक्षकहरुलाई सुरक्षित स्थानमा व्यवस्थापन गर्ने सेल्टर कलष्टरसंग समन्वय गर्ने | प्रभावित क्षेत्रको अनुगमन गर्ने, शिक्षकहरुको सम्पर्क बिवरण अद्यावधिक गर्ने | | शिक्षा विकास तथा समन्वय ईकाइ तथा स्थानीय शिक्षा शाखा | |
| **पहिलो हप्ता** | प्रभावितहरुलाई राहत बितरणको लागि सम्पर्क र समन्वय गर्ने | प्रभावित क्षेत्रको अनुगमन, शिक्षकहरुको सम्पर्क बिवरण अद्यावधिक गर्ने | | शिक्षा विकास तथा समन्वय ईकाइ तथा स्थानीय शिक्षा शाखा | |
| | जिविव्य समितिसंग समन्वय गरी MIRA सर्वेक्षणका टोली परिचालन गर्ने | भूकम्प र बाढी पहिरोको सन्दर्भमा MIRA निर्माण | | जिविव्य समिति तथा स्थाविव्य समिति | |
| **पहिलो महिना** | अध्ययन केन्द सञ्चालन गर्न वा भत्केका बिद्यालयको पुनर्निर्माण | | | शिक्षा विकास तथा समन्वय ईकाइ तथा | क्षतिको प्रकृति |

| | | | | | |
|---|---|---|---|---|---|
| | गर्ने, पुनर्निर्माण गर्न नसके प्रदेश तथा केन्द्रमा सिफारिस गर्ने | | | स्थानीय शिक्षा शाखा | अनुसार |
| **दोस्रो महिना** | अस्थायी अध्ययन केन्द्रमा खाजा, औषधिको व्यवस्थापन गर्ने | IEC छपाइ र अन्य व्यवस्थापन गर्ने | | शिक्षा विकास तथा समन्वय ईकाइ तथा स्थानीय शिक्षा शाखा | |

### ११.८ संरक्षण क्षेत्र

### मानवीय सहयोगका मापदण्ड

- संरक्षण समूहको क्षमतामा वृद्धि गर्ने र स्रोत व्यवस्थापन गर्ने ।
- प्रभावित जनसमुदायको कुनैपनि अधिकारको उल्लङ्घन, दुर्व्यवहार तथा शोषण अथवा भेदभावको अनुगमन गर्ने र प्रतिवेदन पेश गर्ने संयन्त्रको स्थापना गर्ने अथवा स्थापित संयन्त्रलाई प्रयोगमा ल्याउने ।
- महिला हिंसा न्यूनिकरणका लागि जनचेतना जगाउने ।
- मानव अधिकारको संरक्षण गर्ने ।
- विभिन्न समुदायका सदस्यहरुबाट, विशेषतः अति गरीव तथा पछाडी पारिएका समूहबाट मानवीय सहयोग तथा आधारभूत सेवा सुविधामा समान पहुँच प्रतिकार्य पाए नपाएको अनुगमन गर्ने ।
- साझेदारहरूका बीचमा अभिलेख राख्ने तथा विपद्मा परेका व्यक्तिहरुको दर्ता गर्ने प्रणालीमा एकरूपता सुनिश्चित गर्ने ।
- बाल-मैत्री ठाउँलगायत बालबालिका तथा महिलाहरूका लागि सुरक्षित वातावरणको सिर्जना गर्ने।
- शिक्षा तथा संरक्षण सम्बन्धी प्रतिकार्य कार्यक्रममा मनोसामाजिक सहयोगलाई एकीकरण गर्ने ।
- हेरचाह गर्ने व्यक्तिहरूबाट बालबालिकाहरू विछोडिने कार्यको रोकथाममा सहयोग गर्ने ।
- विछोडिएका तथा परिवारको साथ नभएका बालबालिकाहरू खास गरी पाँच वर्षको उमेर भन्दा मुनिका बालबालिका तथा किशोरीहरूको पहिचान दर्ता तथा स्वास्थ्य जाँचको सहजीकरण गर्ने र खोजी तथा पुनर्मिलनमा संलग्न साझेदारहरूलाई सहयोग उपलब्ध गराउने ।
- परिवारबाट विछोडिएका तथा साथ नभएका बालबालिकाहरू र अन्य जोखिममा परेका समूह जस्तै परिवार नभएका, वृद्ध, अपाङ्ग तथा दीर्घ रोगबाट पीडित समूहका मानिसहरुलाई हेरचाह तथा संरक्षण प्रदान गर्ने (आवास तथा अन्य सेवाको व्यवस्था) । मानवीय सहयोग तथा स्थायी समाधानका बारेमा आन्तरिक रूपमा विस्थापित मानिसहरूलाई नियमित रूपमा सूचनाको प्रवाह भइरहेको छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- फिर्ता हुने कार्यक्रम तथा स्थायी समाधानको तर्जुमा गर्ने कार्यमा आन्तरिक रूपमा विस्थापित व्यक्तिहरुलाई संलग्न बनाउन प्रयास गर्ने ।
- शिविर तथा पुनर्वासका क्षेत्रहरूमा पर्याप्त सुरक्षाका लागि पैरवी (Advocacy) गर्ने ।
- मनोपरामर्श सेवा प्रदान गर्ने ।
- किशोरीहरुलाई महिनावारी हुँदा प्रयोग गर्ने प्याड वितरण तालिमको व्यवस्था गर्ने ।

**मुख्य विपद्को किसिम** : कोभिड-१९, बाढी, पहिरो, महामारी, भूकम्प, आगलागी, जैविक प्रकोप ( बाली तथा पशुरोग), असिना, हिमपात, हावाहुरी चट्याङ, जंगली जनावरको आंतक र सुख्खा खडेरी ।

**क्षेत्रगत उद्देश्य:** बालबालिका लगायत जोखिममा रहेका किशोरकिशोरी र महिला समूहहरूले आपतकालिन परिस्थितिको कारणबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार तथा हेला बाट संरक्षण प्राप्त गराउनु यसको उदेश्य रहेकोछ ।

**योजनाको समष्टिगत उद्देश्य :**

- प्राकृतिक विपद् तथा अन्य आपतकालिन परिस्थितिहरूमा उपलब्ध गराइने प्रतिकार्य कार्यक्रमहरूमा जोखिममा रहेका समूहहरूका लागि मानव अधिकारसम्बन्धी कानुन, अन्तर्राष्ट्रिय मानवीय कानुन तथा राष्ट्रिय कानुनले प्रत्याभूत गरेका मौलिक अधिकारहरूको संरक्षण गर्दछन भन्नेकुरा सुनिश्चित गर्ने ।
- जोखिममा रहेका समूहहरूको संरक्षण सुनिश्चित गरी आपतकालिन प्रतिकार्यको न्यायोचित वितरणमा सहयोग उपलब्ध गराउने ।
- जोखिममा रहेका र हिंसा प्रभावित किशोरी र महिलाहरुलाई मनोसामाजिक मनोबिमर्श सहयोग प्रदान गराउने ।
- आपतकालिन परिस्थितिबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार तथा अन्य जोखिमहरूलाई सम्बोधन गरी प्रकोपबाट प्रभावित मानिसहरूको संरक्षण गर्ने र त्यस्ता दुर्व्यवहारबाट प्रभावित भई जीवित व्यक्तिहरूका लागि सेवा सम्बन्धी प्रावधान हरूमा सहयोग उपलब्ध गराउने ।
- बालमैत्री ठाउँ तथा मनोसामाजिक परामर्श सम्बन्धी सहयोगको स्थापना गरी सुरक्षित वातावरणको सुनिश्चित गर्ने ।
- विछोड भएका बालबालिका, खासगरी पाँच वर्षको उमेरभन्दा मुनिका बालबालिका तथा किशोरीहरुको पहिचान, दर्ता तथा स्वास्थ्य सम्बन्धी जाँचका बारेमा सहयोग र त्यस्तो सहयोगपछि उपयुक्त सेवा तथा संरक्षणका सुविधा सहित परिवारको खोजी गर्ने कार्यमा सहयोगको सुनिश्चितता गर्ने ।
- यौन दुर्व्यवहार तथा हिंसाका विरुद्ध तिनको अनुगमन, प्रतिवेदन तथा पैरवी (Advocacy) गर्ने प्रणालीको स्थापना गरी बालबालिका तथा महिलाहरू माथिको यौन दुर्व्यवहार तथा शोषणको रोकथाम गर्ने ।

**संरक्षण क्षेत्रको प्रतिकार्य योजना**

| विपद्को घटना पश्चात्को अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| **पहिलो दिन** | **क्षेत्रको समन्वय बैठक:** जिम्मेवारी बाँडफाँड, सूचना तथा जानकारी संकलन,प्रतिवेदन तयारी जस्ता विषयमा निर्णय गर्ने | क्षेत्रगत सदस्यहरुको सम्पर्क विवरण अद्यावधिक गर्ने | | स्थानीय तह सामाजिक शाखा | |
| **दोस्रो दिन** | परिस्थिति अनुसार DDMC/ सम्बन्धित निकायमा जानकारी गर्नेर गराउन | प्रभावित क्षेत्रको अनुगमन | | संरक्षण क्षेत्र | |
| **पहिलो हप्ता** | प्रारम्भिक जानकारीको आधारमा आपतकालिन | आपतकालिन कोषको व्यवस्था गर्ने | | स्थानीय तह सामाजिक | |

| विपद्को घटना पश्चात्को अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| | मानवीय सहयोग उपलब्ध गराउने | | | शाखा र जिससले समन्वय गर्ने | |
| | कोभिड १९ बाट प्रभावित बालबालिका, किशोर किशोरी, महिला, अपाङ्गता भएका व्यक्ति लगायत जोखिमताको लेखाजोखा तथा तथ्याकं संकलन | सर्वेक्षणकोलागि व्यक्ति तोक्ने | | संरक्षण विषयगत क्षेत्र समिति | |
| | कोभिड १९ बाट प्रभावि महिला, किशोरी, बालबालिका, आप्रवासी कामदार, जेष्ठ नागरिक, अपांगता र LGBTIQ हरुलाई हिंसा, दुर्व्यवहार, हेला र भेदभावबाट बचाउँन सूचनामूलक सन्देश प्रसारण गर्ने । | उपलब्ध संचार माध्यमहरुको तथ्याङ्क अद्यावधिक गर्ने र समन्वय गर्ने | | संरक्षण विषयगत क्षेत्र समिति, जिसस | |
| | जि.वि.व्य. समितिसंग समन्वय गरी MIRA सर्वेक्षणको टोली परिचालन गर्ने | सर्वेक्षणको लागि व्यक्ति तोक्ने | | स्थानीय तह तथा जिसस | |
| | हराएका, तनावग्रस्त, घाइते, अशक्त आदिको तथ्याङ्क संकलन गर्ने र भेटिएका लाई पारिवारिक पुनर्मिलन गराउने | सम्पर्क डेस्क सञ्चालन गर्ने | सञ्चार अवरुद्ध हुने | संरक्षण क्षेत्र | |
| **पहिलो महिना** | Child Protection/ Women violence, Conflict जस्ता कार्यको नियमित अनुगमन गरी आवश्यक प्रतिकार्य गर्ने | सम्बन्धित तथ्याङ्कहरु अद्यावधिक गर्ने | सही सूचना प्राप्तिमा कठिनाइ | स्थानीय तह, संरक्षण क्षेत्र | |
| | आइसोलेशन तथा क्वरेनटाइनमा रहेका व्यक्तिहरु, विशेष गरी महिला, बालबालिका ज्येष्ठ नागरिक , अपाङ्गता भएका व्यक्तिहरुको स्यानीटरी प्याड, झुल, कम्बल Recreational Kits र Dignity kits, KISORI KITS आदि | सम्बन्धित तथ्याङ्कहरु संकलन र अद्यावधिक गर्ने | | संरक्षण विषयगत क्षेत्र समिति, UNFPA | |

| विपद्को घटना पश्चात्को अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| | आवश्यक सामाग्री उपलव्ध गर्ने । | | | | |
| **दोस्रो महिना** | स्वयंसेवक हरुको परिचालन गरी आवश्यकता अनुसार Psychosocial Counseling गर्ने | उपलव्ध मनोसामाजिक विमर्शकर्ताको तथ्याङ्क अद्यावधिक गर्ने | मनोविमर्शकर्ता को संख्या कमी हुन सक्ने तथा उनीहरुले समयमै सेवा उपलव्ध नगराउने | स्थानीय तह, संरक्षण क्षेत्र तथा सो क्षेत्रमा कार्यरत विभिन्न गैसस | |
| **तेश्रो महिना** | आवश्यकता अनुसार सचेतना कार्यक्रम सञ्चालन गर्ने | IEC सामग्रीको छपाइ तथा व्यवस्थापन गर्ने | | स्थानीय तह, संरक्षण क्षेत्र | |

## १२. कार्यान्वयन तथा पुनरावलोकन रणनीति

### १२.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना क्रियाशिल हुने

जिल्लामा कुनै पनि विपद्को समयमा जिल्ला विपद् व्यवस्थापन समिति को प्रमुखको हैसियतले प्रमुख जिल्ला अधिकारीले मानवीय उद्धारको कार्यमा विपद्पूर्वतयारी तथा प्रतिकार्य योजनाको पूर्ण कार्यान्वयन गराउनका लागि मुख्य भूमिका निर्वाह गर्नुहुनेछ । यस समितिले विपद्कोसमयमा जिल्ला स्थित सबै विकास तथा मानवीय साहायतामा संलग्न निकायहरुलाई उनीहरुको नियमित कार्यलाई मानवीय साहायताको कार्यतर्फ लगाउन समन्वय तथा निर्देशन दिन सक्दछन ।

### १२.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन योजना

जिल्लाको विपद्पूर्वतयारी तथा प्रतिकार्य योजनाका कार्यान्वयन निम्नानुसार गरिनेछः

| क्र.सं. | कार्यक्रम | मिति |
|---|---|---|
| १ | जिविव्य समितिको बैठक, क्षेत्रगत तयारी | नियमित |
| २ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अद्यावधिक मस्यौदा जिल्ला विपद् व्यवस्थापन समिति मा प्रस्तुत | जेठ पहिलो हप्तामा |
| ३ | जिल्ला विपद् व्यवस्थापन समिति ले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पारित गर्ने | जेठ दोस्रो साता |
| ४ | जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई जिल्ला विपद् व्यवस्थापन सिमितिमा अनुमोदन गराउने | आवश्यकतानुसार |
| ५ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको समीक्षा | चौमासिक रुपमा |
| ६ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अद्यावधिक | २०७८ बैशाख |

प्रस्तुत जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना २०७७ (अद्यावधिक २०७८) कार्यान्वयनका लागि आवश्यक स्रोत, साधन र बजेटसबै विषयगत निकाय, स्थानीय तह, प्रदेश तथा केन्द्रीय सरकार, जिल्ला समन्वय समिति बैतडी, गैरसरकारी संघ-संस्था तथा अन्तर्राष्ट्रिय सहयोग नियोगको मानवीय सहयोग शाखासंग समन्वय र अन्य दातृ निकायसंग पनि सहयोगको लागि पहल गरिनेछ ।

## १२.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको नियमित समीक्षा तथा अद्यावधिक

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको नियमित समीक्षा तथा अद्यावधिक गर्नका लागि जिल्ला विपद् व्यवस्थापन समिति ले नै काम गर्ने छ ।

## १३. प्रतिवेदन तथा अभिलेखन

जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना जिल्लाका सबै सरोकारवाला निकायहरुले स्वामित्व ग्रहण गरेको आधिकारिक दस्तावेज हो । विपद्को बेला तथा विपद् पश्चात जिल्लाको विकास तथा मानवीय साहायता सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा व्यवस्थापन तथा सम्बोधन गर्न यो दस्तावेजले दिशा निर्देश गर्दछ । यसबाट विपद् व्यवस्थापनलाई जिल्ला तथा स्थानीय तहको विकास प्रक्रियामा मूल प्रवाहीकरण गर्न र सबै निकाय तथा तहलाई विपद् पूर्व तयारीमा केही बजेट विनियोजन गर्न मद्दत पुग्दछ । तथापि तत्काल जिल्ला समन्वय समितिबाट पारित हुन नसके जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले अनुमोदन गरी कार्यान्वयन गर्न सकिनेछ ।

## १४. जिल्ला विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) परिषद्, कार्यकारी समिति तथा प्रदेश समितिबाट स्वीकृत नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने, गराउने,
(ख) जिल्लाको विपद् प्रतिकार्य योजना तयार गरी लागू गर्ने, गराउने,
(ग) जिल्ला स्तरमा रहेको आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्चालनमा सबलीकरण गर्ने,
(घ) उपलब्ध स्रोतको उच्चतम प्रयोग तथा प्रवाह गरी विपद् प्रभावित क्षेत्रमा खोजी तथा उद्धार गर्ने,
(ङ) नेपाल सरकारबाट स्वीकृत मापदण्ड अनुसार राहत वितरण गर्ने, गराउने तथा जिल्लास्थित सरकारी तथा गैरसरकारी कार्यालयलाई सोही अनुसार राहत वितरण गर्न लगाउने,
(च) विपद् प्रभावित क्षेत्रमा आवश्यकता अनुसार यातायात तथा मानिसको आवत जावतमा नियन्त्रण गर्ने,
(छ) विपद्का कारण सिर्जित फोहोर तथा अन्य अनावश्यक वस्तु हटाउने वा हटाउन लगाउने,
(ज) विपद्को समयमा मृत्यु भएका मानिसको शव तथा जनावरको व्यवस्थापन गर्ने, गराउने,
(झ) आपत्कालीन अवस्थामा विपद् प्रभावित व्यक्तिहरुको लागि आश्रय गृहको व्यवस्था गर्ने,
(ञ) विपद्को समयमा तत्काल परिचालन हुन सक्ने गरी सुरक्षा निकायलाई दुरुस्त राख्न लगाउने,
(ट) विपद् प्रभावित क्षेत्रमा खानेपानी, खाद्यान्न, लत्ताकपडा तथा औषधि उपचार जस्ता अत्यावश्यक वस्तुको प्रबन्ध गर्ने,
